# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १०　अंक ४　मासिक　वैशाख/जेठ　April 2007


- *घट्दो रेमिटेन्सको प्रभाव व्यवसायमा*
  **व्यवस्थित बसोबास गरेका लाहुरे नै पलायन** — समीक्षा कोइराला
- *किन रोकिँदैन घरेलु हिंसा ?*
  **खाँचो हिंसाविरोधी कानुनको** — सीता शर्मा
- पेसामा नयाँ प्रविधि
  **जलारीको जीवनस्तर बढ्यो** — निशा विश्वकर्मा
- *पोते उनेर घरखर्च*
  **फेसनले पोतेमालाको माग बढ्यो** — तारा चाम्लिङ
- *कुष्टरोगीको विजोग*
  **हातगोडा चल्न छाडे, छाकै बन्द** — निर्मला रेग्मी
- *हटेको छैन कम्लहरी प्रथा*
  **पढ्न त मन छ तर कसरी ?** — रञ्जु रेग्मी
- *फुटपाथका हजामको पीडा*
  **पीरव्यथा कसैले बुझ्दैन** — ममता शर्मा नेपाल




सञ्चारिका समूह/नेपाल

# घट्दो रमिटेन्सको प्रभाव व्यवसायमा

*बेलायत सरकारले सन् १९९७ यताका ब्रिटिस लाहुरेलाई आवासीय सुविधासहितको सहुलियत दिने भएको छ। बेलायतले अहिले आवासीय सुविधा दिएर नेपालबाट भर्ना गर्ने कार्यक्रमसमेत रोक्ने योजना बनाएको छ। पछि गोर्खाली फौजका लागि उतै भर्ना गर्ने उसको योजना हो। बेलायतीसरह सुविधा पाउने निर्णयले पोखरामा राम्रो घर बनाएर व्यवस्थित बसोबास गरेका लाहुरे पनि भकाभक उतै (बेलायत) सर्ने सुरमा छन्, जसका कारण मुलुकमा भित्रिने रेमिटेन्समा कमी मात्रै आउने छैन, यसले दीर्घकालीन रूपमा आर्थिक संरचनालाई प्रत्यक्ष प्रभाव पार्ने अवस्था आउँदै छ।*

✍ **समीक्षा कोइराला**

**पोखरा** / पोखराको भीमसेन चोकमा बुटिक व्यवसाय गरेकी शवी शेरचनलाई अहिले भ्याई-नभ्याई छ। नयाँ साडी र कुर्था-सलवारमा डिजाइन गर्न नै उनी दिनहुँ व्यस्त हुन्छिन्। त्यसबाट उनको आफ्नो परिवार मात्रै चलेको छैन थप १० जनालाई रोजगार दिएकी छिन्। उनका अधिकांश ग्राहक भने लाहुरे समुदायका नै हुन्। एउटा साडीमा बुटिक भर्दाको शुल्क उनी २ हजारदेखि ५ हजारसम्म लिने गर्छिन्। 'चार हजार रुपैयाँको साडीलाई डिजाइनिङ गर्न ल्यायो भने त्यसको मूल्य आठ हजार पर्न जान्छ,' शवी अनुभव सुनाउँछिन्, 'त्यसैले पनि यस्तो काम हुनेखाने र लाहुरे समुदायका व्यक्तिले बढी गर्छन्।'

बुटिक व्यवसाय मौलाएको राजधानीपछिको सहर पोखरा नै हो। बुटिक व्यवसायकै कारण पोखरामा दुईटा यससम्बन्धी कलेज (डिजाइनिङ स्कुल साफ्ट र आईसी कलेज) सञ्चालनमा छन्।

त्यसो त पोखरामा लाहुरे समुदायलाई लक्षित गरी खोलिएको व्यवसाय यो मात्रै छैन। ब्युटिपार्लरदेखि जग्गाको प्लटिङ, वित्तीय क्षेत्र, डिपार्टमेन्टल स्टोर, गहना पसल, अटोमोबाइललगायतका व्यवसाय पनि लाहुरे समुदायमा बढी लक्षित छन्। लाहुरे समुदायले गर्ने खर्चकै कारण यी व्यवसाय फस्टाएका पनि छन्। 'अरूले तोकिएको शुल्क तिर्न बार्गेनिङ गर्छन्, तर लाहुरे समुदायले भनेको रुपैयाँ खुरुखुरु तिर्छन्,' शवी सुनाउँछिन्, 'तर अब नेपाली लाहुरेहरू बेलायत जाने निर्णयले चिन्ता लागेको छ।'

चिन्ता किन लागेको होला त ? स्वाभाविक छ, बेलायत सरकारले सन् १९९७ यताको ब्रिटिस लाहुरेलाई आवासीय सुविधासहितको सहुलियत दिने भएको छ। पछिल्लोपटक पेन्सन र तलबमा समेत ब्रिटिस

*गेसोका अध्यक्ष हर्कबहादुर पुन आवासीय सुविधा आफूहरूको माग नभएको बताउँदै जनशक्ति र अर्थसमेत विदेशिने खतराप्रति सरकार समयमै सचेत नभएको आरोप पनि लगाउँछन्। 'हामीले समान पेन्सन, क्षतिपूर्ति र तलबको माग राखेका हौं, आवासको होइन,' उनले भने, 'तर बेलायत सरकारले चलाखी गरेर आवासीय सुविधा दिई आफ्नो लगानी नेपाल भित्रिन नदिने षड्यन्त्र गर्‍यो।'*

सैनिकसरह सुविधा दिएपछि त लाहुरे समुदायका लागि बेलायत बस्न पनि खासै समस्या भएन। यी निर्णयले पोखरामा राम्रो घर बनाएर व्यवस्थित बसोबास गरेका लाहुरे पनि भकाभक उतै (बेलायत) सर्ने सुरमा छन्, जसका कारण मुलुकमा भित्रिने रेमिटेन्समा कमी मात्रै आउने छैन, यसले दीर्घकालीन रूपमा आर्थिक संरचनालाई प्रत्यक्ष प्रभाव पार्ने अवस्था आउँदै छ।

विगतमा माओवादी द्वन्द्वले आर्थिक स्थिति खस्कँदासमेत पोखराको व्यवसायमा खासै असर परेको थिएन। त्यसको एक मात्रै प्रमुख कारण यही रेमिटेन्स नै

*अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्कअनुसार सन् २००४/०५ मा नेपालमा ९० करोड ८० लाख अमेरिकी डलर रेमिटेन्स भित्रिएको छ । एक दसकको अवधिमा नेपालको कुल गार्हस्थ उत्पादनलाई प्रतिशतको आधार मानेर हेर्दा रेमिटेन्सको अंश ०.५ प्रतिशतबाट १२ प्रतिशत पुगेको छ । यस्तो रेमिटेन्स बैंकिङ क्षेत्रबाट भन्दा पनि बढी हुण्डी (व्यक्तिले सिधै ल्याउने प्रचलन) बाट भित्रिने गरेको छ ।*

थियो । रेमिटेन्सको एउटा ठूलो हिस्सा ब्रिटिस र भारतीय लाहुरे वर्गले ओगटेको छ । 'माओवादी द्वन्द्वले गर्दा हामीलाई कुनै असर परेको थिएन, व्यवसाय राम्रै छ,' शवी भन्छिन्, 'तर अहिले बेलायती सैनिकका परिवारसरह सुविधा दिएका कारण नेपाली लाहुरे पलायन हुने क्रम बढ्न थालेपछि भने ठूलै सङ्कट आउलाजस्तो छ ।'

समान सुविधाको माग राख्दै सङ्घर्ष गर्दै आएको गोरखा भूतपूर्व सैनिक सङ्घ (गेसो) ले सन् १९९७ यताको मात्रै नभएर सुरुदेखिका सैनिक परिवारले यस्तो सुविधा पाउनुपर्ने माग राख्दै आएको छ । यो माग पूरा भएमा अझै ठूलो सङ्ख्या विदेशिने पक्का छ । हुन त गेसोका अध्यक्ष हर्कबहादुर पुन आवासीय सुविधा आफूहरूको माग नभएको बताउँदै जनशक्ति र अर्थसमेत विदेशिने खतराप्रति सरकार समयमै सचेत नभएको आरोप पनि लगाउँछन् । 'हामीले समान पेन्सन, क्षतिपूर्ति र तलबको माग राखेका हौं, आवासको होइन,' उनले भने, 'तर बेलायत सरकारले चलाखी गरेर आवासीय सुविधा दिई आफ्नो लगानी नेपाल भित्रिन नदिने षड्यन्त्र गर्‍यो ।'

नेपालमा सन् १९७१ सम्म ब्रिटिस लाहुरेले पठाउने रकमको हिस्सा सबैभन्दा धेरै थियो । बेलायतमा अहिले करिब ३ हजार ५ सय सैनिक कार्यरत छन् । र, सैनिक सेवाबाट निवृत्त भएका २ हजार ६ सयभन्दा बढी छन् । दुईवटा विश्वयुद्धमा बेलायतका तर्फबाट तीन लाखभन्दा बढी नेपाली सैनिकले युद्ध लडेको तथ्याङ्क छ । तीमध्ये ४-५ हजारभन्दा बढी घाइते बनेको विवरण छ । ब्रिटिस आर्मीमा कार्यरत नेपाली सैनिकबाट मात्रै कति रुपैयाँ नेपाल भित्रिने गर्दछ भन्ने यकिन तथ्याङ्क भने अहिलेसम्म कसैले निकालेको छैन । तर, डिभिड सेढान र गणेश गुरुङले केही समयअघि एक आईएनजीओका लागि गरेको सर्भेअनुसार नेपालमा ३० वर्षअघिबाट नै ब्रिटिस र भारतीय सैनिकसहितको ६ अरब २० करोड रुपैयाँ रेमिटेन्स भित्रिँदै आएको छ । तर, पछिल्लोपटक पेन्सन र सुविधामा आएको वृद्धिसँगै भित्रिने रेमिटेन्समा पनि वृद्धि भएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्कअनुसार सन् २००४/०५ मा नेपालमा ९० करोड ८० लाख अमेरिकी डलर रेमिटेन्स भित्रिएको छ । एक दसकको अवधिमा नेपालको कुल गार्हस्थ उत्पादनलाई प्रतिशतको आधार मानेर हेर्दा रेमिटेन्सको अंश ०.५ प्रतिशतबाट १२ प्रतिशत पुगेको छ । यस्तो रेमिटेन्स बैंकिङ क्षेत्रबाट भन्दा पनि बढी हुण्डी (व्यक्तिले सिधै ल्याउने प्रचलन) बाट भित्रिने गरेको छ ।

राजधानीपछि पोखरा र धरान रेमिटेन्सको गतिविधि बढी हुने सहर हुन् । यिनलाई लाहुरे सहरका नामले पनि चिनिन्छ । लाहुरे बस्ती र बाहिरबाट रेमिटेन्स बढी भित्रिने कारणले यी सहरको आर्थिक चहलपहलमा कमी नआएको हो । आर्थिक लगानीका क्षेत्र साँघुरिँदै गएको द्वन्द्वको अवस्थामा पनि यी सहरमा रेमिटेन्सको आकर्षणले वित्तीय क्षेत्र एकपछि अर्को गर्दै प्रतिस्पर्धात्मक रूपमा देखिए । अहिले नेपालमा भएका १९ वाणिज्य बैंकमा १७ वटाका शाखा पोखरामा स्थापना भइसकेका छन् । आउन बाँकी लुम्बिनी बैंक र ग्लोबल बैंकले पनि शाखा ल्याउने तयारी गरिरहेका छन् । त्यस्तै विकास बैंक ४ र फाइनान्स ७ वटा सञ्चालित छन् । आर्थिक कारोबार गर्ने सहकारी संस्था त दर्जनभन्दा बढी छन् । 'बैंकको नेटवर्किङ एउटा उद्देश्य हो भने अर्को आकर्षण रेमिटेन्सकै हो' नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मी भन्छन्, 'सबै व्यवसायको आकर्षण स्थानीय रूपमा भित्रिने रेमिटेन्स नै हो ।'

बेलायतमा नेपाली सैनिकका लागि स्थायी आवासीय सुविधाले यी व्यवसाय मात्रै प्रभावित हुने छैनन्, नेपालको समग्र अर्थतन्त्रलाई प्रभावमा पार्ने देखिन्छ । बेलायत सरकारले पछिल्लोपटक घोषणा गरेको बेलायती सैनिकसरहको पेन्सन र तलब दिने सुविधाले एक नेपाली गोर्खा सैनिकले कम्तीमा मासिक २ लाखदेखि ४ लाख रुपैयाँसम्म तलब बुझ्छ । पेन्सन मात्रै ३० हजार रुपैयाँदेखि झन्डै ६० हजार रुपैयाँसम्म

पुग्छ । अहिले आइरहेको तुलनामा ब्रिटिस लाहुरेबाट भित्रिने रेमिटेन्स यो निर्णयले दोब्बर बढी हुन सक्थ्यो । ‘तर आवासीय सुविधाका कारण नेपालले त्यसको फाइदा लिन सक्दैन, बेलायतले लिन्छ,’ पुन भन्छन्, ‘बेलायती सरकारले एक हातले दिने र अर्को हातले लिने नीति लिएको छ ।’

गेसोका अनुसार बेलायतले अहिले आवासीय सुविधा दिएर उतै गोर्खाली बस्न थालेपछि नेपालबाट भर्ना गर्ने कार्यक्रमसमेत रोक्ने योजना बनाएको छ । पछि गोर्खाली फौजका लागि उतै भर्ना गर्ने उसको योजना हो । त्यसैले पनि आवासीय सुविधाले नेपाललाई फाइदा नपुग्ने गेसोको ठहर छ । ‘सरकारले पनि यससम्बन्धी एउटा ठोस नीति ल्याउनुपर्‍यो,’ पुन थप्छन्, ‘यो व्यवस्थाले आर्थिक रूपमा नेपाललाई कुनै फाइदा पुग्दैन, यसप्रति हामी पनि संवेदनशील छौं ।’

नेपालमा अवसर कम भएको र छोराछोरीको भविष्यका लागि पनि नेपाल छाडेर जानुपरेको तर्क गोर्खा सैनिक परिवारको छ । ‘आधुनिक ठाउँमा बस्दाको अनुभव बेग्लै हुन्छ, नयाँनयाँ संभावनाको खोजी पनि हुन्छ’ ब्रिटिस आर्मीका निर्जङ गुरुङ भन्छन्, ‘पछि छोराछोरीको भविष्य पनि उज्ज्वल हुन्छ भनेर धेरै लाहुरे ब्रिटिस बस्न थालेका छन् ।’

तर, स्थायी रूपमा बेलायतमा बस्न सोचेजस्तो सजिलो छैन । एकजना लाहुरेको कमाइले परिवार धान्न धौधौ पर्छ । महँगो जीवनशैली छ । सबै कुरा डलरमा हुन्छ । तर पनि यसलाई अवसरको रूपमा लिनुपर्ने तर्क निर्जङ गर्छन् । ‘छोराछोरीको भविष्यका लागि म पनि उतै बस्ने विचारमा छु,’ उनले थपे, ‘म जस्तै सबैले यही निर्णय गरे भने नेपालको अर्थतन्त्रलाई त असर पुग्ने नै भो नि ।’

*बेलायत सरकारले पछिल्लोपटक घोषणा गरेको बेलायती सैनिकसरहको पेन्सन र तलब दिने सुविधाले एक नेपाली गोर्खा सैनिकले कम्तीमा मासिक २ लाखदेखि ४ लाख रुपैयाँसम्म तलब बुझ्छ । पेन्सन मात्रै ३० हजार रुपैयाँदेखि झन्डै ६० हजार रुपैयाँसम्म पुग्छ । अहिले आइरहेको तुलनामा ब्रिटिस लाहुरेबाट भित्रिने रेमिटेन्स यो निर्णयले दोब्बर बढी हुन सक्थ्यो ।*

त्यसो त सबै लाहुरे माथिको तर्कप्रति सहमत छैनन् । अवसर र रोजगारी नेपालमा नै सिर्जना गर्ने वातावरण भइरहेको बताउँदै विदेशमा कमाएको धनले नेपालमा लगानी गर्ने राम्रो अवसर आएको केही लाहुरेले बताए । ‘द्वन्द्वका बेलामा त्यस्तो अवसर थिएन, तर अहिले राम्रो अवसर आएको छ,’ ब्रिटिस आर्मीका रिटायर्ड क्या. भुवनसिंह गुरुङ भन्छन्, ‘उतै बस्ने निर्णयले नेपालीको हित गर्न सक्दैन, उता कमाएको पैसा ल्याएर नेपालमा लगानी गर्न सक्यौं भने आफ्नो नेपालका लागि समेत कल्याण हुन्छ ।’

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# किन रोकिँदैन घरेलु हिंसा ?

*सानैदेखि ‘फ्लोरेन्स नाइटिङ्गेल’को जीवनीबाट प्रभावित सोविताको इच्छा नर्स बनी गरिब, दुःखी, असहायको सहयोग गर्ने थियो । विवाहपछि घरको परिवर्तित वातावरण र रक्स्याहा श्रीमान्‌बाट शारीरिक र मानसिक रूपमा पीडित सोविताको मनोकाङ्क्षा त पूरा भएनन् नै उनका अरू तीन छोरीको भविष्य पनि उनको जस्तै नहोला भन्न सकिन्न यदि घरेलु हिंसाविरुद्ध कुनै नीति नल्याउने हो भने । शिक्षित महिलाले पनि श्रीमान्‌को कुटाइ खानुलाई आफ्नो नियतिको रूपमा लिनु पितृसत्तात्मक सोचकै उपज भएकोले यसलाई परिवर्तन गर्नेतिर अगाडि बढ्नुपर्छ । एक पाइला अगाडि बढाएर त हेरौं । परिणाम सकारात्मक नै हुन्छ ।*

✍ **सीता शर्मा**

**बागलुङ** / ‘सकिनँ नानी, बसेको बानी न हो । थुप्रै प्रयास गरेँ, उनलाई सही बाटोमा ल्याउन, तर हार खाएँ । आजभोलि त रक्सीले मातेर आएपछि झगडा गरिहाल्छन्, त्यसपछि म बारीतिर लुक्न गइहाल्छु । के गर्ने ज्यान त जोगाउनैपर्‍यो ।’

बागलुङ जिल्ला सर्कुवा गाविसकी सोविता आचार्य (नाम परिवर्तन) को दुःखदायी भनाइ हुन् यी । सोवितालाई एक त ६ जनाको परिवार कसरी गुजारा चलाउने भन्ने चिन्ता छ, त्यसमाथि उज्यालो हुँदा घरबाट हिँडेका श्रीमान् एकैचोटि राति टन्न रक्सीले मातेर घर आउँछन् । रक्सीले मातेर मात्र त टाउको दुखाइ थिएन । दिनभर घरायसी कामधन्दाबाट फुर्सद हुन्न । त्यसमाथि श्रीमान्‌को निर्मम मुक्का, लात्ती र अनेक तरहका गालीगलौजले आजित सोवितालाई रात परेपछि कहाँ गएर ज्यान जोगाउने भन्ने अर्को चिन्ताले सताउन थाल्छ ।

३१ वर्षे उमेरमै शरीर सुकेर कङ्कालजस्तो देखिने चार सन्तानकी आमा सोविताले अविवाहित नारीलाई यतिबेला सुझाव दिन थालेकी छिन्, ‘सबै केटीहरू पढेर पनि म जस्तो मूर्ख नबनी ‘जाने घर, केटा र उसको आचरण’लाई राम्रोसँग बुझेर मात्र विवाह गरून् ।’

बाल्यकालमा माइतीमा बाबा, आमा र दाजुको न्यानो मायाममता र सुखसयलमा हुर्किएकी सोविता पढाइमा पनि त्यति नै तेज थिइन् । २०४७ सालतिर उनको माइती गाउँमा एसएलसी पास गर्ने महिलामध्ये उनको नाउँ अग्रपङ्क्तिमा थियो । सानैदेखि ‘फ्लोरेन्स नाइटिङ्गेल’को जीवनीबाट प्रभावित सोविता भन्छिन्, ‘मेरो इच्छा भनेकै नर्स बनी गरिब, दुःखी, असहायको सहयोग गर्ने थियो ।’ तर नियतिलाई कसले नै जानेको

*अहिले सोविता गाउँकै सबैभन्दा पीडित, गरिब, असहाय नारीको रूपमा परिचित हुन पुगेकी छिन् । केटाकेटीको पालनपोषण, शिक्षादीक्षालगायत घरव्यवहार सञ्चालनका लागि आयश्रोत कहाँबाट जुटाउने भन्ने चिन्ताले रातदिन उनलाई सताइरहे पनि लोग्नेलाई भने दिनहुँ रक्सी खाने पैसा पुगेकै छ । उनी भन्छिन्, ‘भकारीको धान, कोदो बेचेरै होस् या कसैसँग दुई-चार पैसा ऋण लिएरै होस् जसरी पनि उनले रक्सी खानैपर्छ ।’*

हुन्छ र ? अहिले उनै सोविताको वास्तविक पीडा बुझेर सहानुभूतिका दुई शब्द बोलिदिने मान्छे भेट्न निकै गाह्रो छ ।

बाबु र दाजुको वचन काट्न नसकेर १६ वर्षको उमेरमै वैवाहिक बन्धनमा बाँधिएकी सोवितालाई झट्ट हेर्दा केटा राम्रै लागेको हो । तर, जब उनी गोपाल आचार्य (नाम परिवर्तन) सँगसँगै बाँच्ने र मर्ने कसम खाँदै विवाह सूत्रमा बाँधिइन् तब उनको पढेर नर्स बन्ने

सपना चकनाचुर भयो भने अर्कोतिर जीवनका कहालीलाग्दा दिन पनि सुरु भए ।

अहिले सोविता गाउँकै सबैभन्दा पीडित, गरिब, असहाय नारीको रूपमा परिचित हुन पुगेकी छिन् । केटाकेटीको पालनपोषण, शिक्षादीक्षालगायत घरव्यवहार सञ्चालनका लागि आयश्रोत कहाँबाट जुटाउने भन्ने चिन्ताले रातदिन उनलाई सताइरहे पनि लोग्नेलाई भने दिनहुँ रक्सी खाने पैसा पुगेकै छ । उनी भन्छिन्, 'भकारीको धान, कोदो बेचेरै होस् या कसैसँग दुई-चार पैसा ऋण लिएरै होस् जसरी पनि उनले रक्सी खानैपर्छ ।' एक वर्षअगाडिको एउटा घटना सम्झँदै उनी थप्छिन्, 'म खेतमा काम गर्न गएकी थिएँ, कताबाट भाँडा साटफेर गर्न हिँड्ने (वाँणा) लाई भेटेछन् र भात पकाउने ताउली अनि तामाका दुईवटा गाग्रीसमेत बेचेर आखिर रक्सी पसलमा पुगेरै छाडे ।'

छोराछोरीको पढाइलेखाइ, लालन-पालनमा कुनै वास्ता नगर्ने सोविताका श्रीमान्को दिनचर्या टन्न रक्सी खानु, घरमा गएर अनेक बहाना बनाई झगडाको निहुँ झिक्नु र श्रीमतीलाई कुटपिट गर्नुमै बित्छ । उनलाई न त इज्जतकै डर छ न त एउटा लोग्ने र बाबुको ठाउँबाट परिवारप्रति पूरा गर्नुपर्ने कर्तव्यको नै ख्याल छ । सोवितालाई भने छोराछोरीलाई उनीहरूका कतिपय स्कुले साथीहरूले जँड्याहा बाबु र उसका क्रियाकलापप्रतिका विषयलाई लिएर उपेक्षापूर्ण व्यवहार गरेको सुन्नुपर्दा र जेठी छोरीको 'आमा, हाम्रो बाबा किन यसरी हिँड्नु भा'को ?' भन्ने प्रश्नले छाती भक्कानिएर आउँछ । मनमा जति पीडा भए पनि त्यसको असर छोराछोरीमा नपरोस् भन्ने सोच रहेकी सोविता भन्छिन्, 'घरको यो वातावरणले केटाकेटीको कलिलो मस्तिष्क र अध्ययनमा समेत असर परिरहेको छ ।'

मीठो बोली, मिजासिलो व्यवहार भएकी सोवितालाई घर चलाउन सबैसँग हारगुहार गर्नुपर्छ नै । देवर, जेठाजु र इष्टमित्रसँग बोलेकै र सहयोग लिएको निहुँमा पनि उनले पटकपटक लोग्नेको कुटाइ र गालीगलौज सुन्नुपर्दछ । उनी भन्छिन्, 'म त कोही-कसैसँग बोल्न, उभिन र हिँडेको देख्नै हुँदैन । बोलेको मान्छेसँगै बात लगाएर 'तेरो पोइ, तँ उसैसँग जा' भन्नसमेत पछि पर्दैनन् ।'

लोग्नेकै कारणबाट समाजले पनि सामाजिक क्रियाकलापमा सोवितालाई अलग्याउने गरेका केही तीता अनुभव छन् । उनी भन्छिन्, 'तेरो लोग्ने आएर पछि झगडा गर्छ, तँ समितिमा नबस्' भनेर छिमेकीले कुनै समूह तथा संस्थाको कार्यसमितिमा समेत राख्दैनन् ।

> *घरेलु हिंसाबाट नेपालमा धेरै महिला पीडित छन् । महिला हिंसाविरुद्ध विशेष कानुन बनिनसकेकोले र पितृसत्तात्मक समाजका कारण महिला पुरुषविरुद्ध आवाज उठाउने साहस गर्दैनन् । नारीमा पुरुषले जे गरे पनि सहने जात हो भन्ने मानसिकता रहेको छ, यसले पनि नारी घरेलु हिंसा खप्न बाध्य छन् ।*

सोवितालाई आजभोलि माइतीघर जान पनि पटक्कै मन लाग्दैन । यसको कारण हो- उनले आफूलाई असाध्यै कमजोर, पीडित र असहाय सम्झिनु । 'सँगै पढेका साथी र उनीहरूको प्रगति सुन्दा आफूलाई तुलना गर्छु, त्यसले छाती छियाछिया हुन्छ,' सोविताका शब्द त्यसभन्दा अगाडि बढ्न सकेनन् ।

यसरी घरपरिवार, लोग्ने र सम्पूर्ण संसारबाटै विरक्तिएकी सोवितालाई बाँच्न त मनै छैन । चार/चारवटा सन्तानको मायाले मर्न आँट पनि आउँदैन । जीवन र मृत्युबीचको दोसाँधमा सङ्घर्ष गरिरहेकी उनी भन्छिन्, 'बिहे गर्दा विचार नपुऱ्याउनु नै ठूलो भूल भो ।'

बागलुङकै बिनामारे ६ निवासी सम्झना परियार (नाम परिवर्तन) पनि वर्षौंदेखि यस्तै पीडा भोगिरहेकी छिन् । सात सन्तानकी आमा बनेकी सम्झनालाई परिवार कसरी चलाउने भन्ने चिन्ता त छँदैछ त्यसमाथि लोग्नको रातदिनको कुटाइबाट पनि आजित छिन् । लोग्नेको कुटाइबाट शरीरमा बसेको नीलडाम देखाउँदै उनी भन्छिन्, 'रक्सी लागेपछि त मान्छे मारेको पनि चाल पाउँदैनन् । कहिलेकाहीँ त केटाकेटीलाई समेत कुट्छन् । के गर्ने हामी आइमाईले जस्तो पनि सहेर बस्नुपरेको छ ।'

त्यस्तै चार वर्षअघि बागलुङ बजार आएर सानो चिया पसल सञ्चालन गरेकी २७ वर्षीया रमा अधिकारी (नाम परिवर्तन) पनि घरेलु हिंसाबाट कम पीडित छैनन् । चौबीसै घन्टा नसामा झुलिरहने लोग्नेको लात्ती, गाली र मुक्का मात्र होइन रातदिनको यौनपीडा पनि उति नै खप्नुपर्छ उनले । उनी भन्छिन्, 'रक्सीले टन्न मातेर लोग्नेले मेरो इच्छाविपरीत यौनसम्पर्क गर्छन् । यसो गर्दा लोग्नेप्रति घृणा जागेर आउँछ,' उनी थप्छिन्, 'पसलको बोझ र छोराछोरीको रडाकोले एकदम थकाइ

*मीठो बोली, मिजासिलो व्यवहार भएकी सोवितालाई घर चलाउन सबैसँग हारगुहार गर्नुपर्छ नै । देवर, जेठाजु र इष्टमित्रसँग बोलेकै र सहयोग लिएको निहुँमा पनि उनले पटकपटक लोग्नेको कुटाइ र गालीगलौज सुन्नुपर्दछ । उनी भन्छिन्, 'म त कोही-कसैसँग बोल्न, अभिन र हिँडेको देख्नै हुँदैन । बोलेको मान्छेसँगै बात लगाएर 'तेरो पोइ, तँ उसैसँग जा' भन्नसमेत पछि पर्दैनन् ।'*

लाग्छ । यौनसम्पर्क गर्ने इच्छा नै हुँदैन, तर के गरुँ ...।' खुसी र सुखको यौनसम्पर्कको आनन्द अर्कै हुने बताउने रमा भन्छिन्, 'जतिसुकै थकाइ नै लागोस् वा बिरामी नै परोस् उनलाई आफ्नो स्वार्थ पूरा गर्नैपर्छ । रक्सीले मातेका उनलाई न त इज्जतको डर नै छ न त लाज नै लाग्छ, म त केही बोल्न नै हुँदैन लात्तीले भकुर्छन्,' आँखाभरि आँसु पार्दै उनले भनिन् ।

श्रीमान्को पीडाबाट मुक्त हुन जिल्ला अदालतमा रमाले सम्बन्धविच्छेदको जाहेरीसमेत पेश गरेकी थिइन् । 'गल्ती नदोहोर्‍याउने प्रतिबद्धता गर्दै वकिलहरूको अगाडि खुट्टा समाई आफूलाई नछोड्न र सम्बन्धविच्छेद नगर्न अनुनय गरेपछि मेरो केही लागेन,' उनले थपिन्, 'त्यसपछि मुद्दा निकाल्न कर लाग्यो ।'

कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भनेर सरकारले घोषणा गरेको महिनौं बितिसक्दा पनि सोविता, रमा र सम्झनाजस्ता कैयौं महिला शोषित र पीडित बन्न पुगेका छन्, त्यो पनि आफ्नै लोग्ने र घरपरिवारबाट । शारीरिक, मानसिकलगायतका घरेलु हिंसाबाट महिलाहरू सबैभन्दा बढी पीडित हुन्छन् किन त ? महिला हित संरक्षण समूहका संरक्षक काजीरोशन भन्छन्, 'घरको सर्वेसर्वा नै मै हुँ भन्ने पुरुषको अहम् र नारीको उचित सम्मान हुन नसक्नुले महिला नै सबैभन्दा बढी घरेलु हिंसाको चपेटामा छन् ।' रोशनका अनुसार दोषीलाई कारबाही गर्न मनोवैज्ञानिक प्रक्रियाका अलावा सामाजिक एवम् प्रशासनिक क्षेत्रबाट समेत दण्ड दिनु आवश्यक छ ।

निःशुल्क कानुनी सेवा केन्द्र बागलुङका संयोजक रहेकी अधिवक्ता सरिता केसी भन्नुहुन्छ, 'घरेलु हिंसाबाट नेपालमा धेरै महिला पीडित छन् । महिला हिंसाविरुद्ध विशेष कानुन बनिनसकेकोले र पितृसत्तात्मक समाजका कारण महिला पुरुषविरुद्ध आवाज उठाउने साहस गर्दैनन् । नारीमा पुरुषले जे गरे पनि सहने जात हो भन्ने मानसिकता रहेको छ, यसले पनि नारी घरेलु हिंसा खप्न बाध्य छन् ।'

बागलुङ जिल्लामा कति महिला घरेलु हिंसाबाट पीडित छन् भन्ने यकिन तथ्याङ्क छैन । सरकारी तथा गैरसरकारी संस्थाले गरेको अध्ययनअनुसार जिल्लाका ७५ प्रतिशतभन्दा बढी महिला कुनै न कुनै रूपमा घरेलु हिंसाको सिकार भएको तथ्याङ्कले देखाउँछ ।

घरेलु हिंसाको मुख्य कारणबारे बताउँदै महिला विकास अधिकृत लक्ष्मी जीसी भन्छिन्, 'नीति-निर्माण गर्ने ठाउँमा महिलाको सहभागिता नहुनु र सामन्ती पितृसत्तात्मक सोच नै नारी उत्थानका तगारो हुन् ।'

सम्झना, सोविता मात्र नभएर अधिकांश नेपाली महिलाको नियति अहिले पनि यस्तै छ । जबसम्म नियम-कानुन बनाउने ठाउँमा महिला पुग्न सक्दैनन् तबसम्म नेपाली महिलाले यस्ता शोषणविरुद्ध आवाज उठाउने साहस गर्न सक्दैनन् । घरेलु हिंसा, शोषणलाई समेत कानुनी दायरामा ल्याई सबै भेदभाव, शोषण र हिंसाविरुद्ध महिलाको आवाजलाई सङ्गठित गर्न सके मात्र एक दिन नेपाली महिलाको मुक्ति सम्भव हुन्छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पेसामा नयाँ प्रविधि

*जलारीहरूले प्राविधिक विकाससँगै आफ्नो परम्परागत व्यवसायलाई अगाडि बढाउँदा उनीहरूको आर्थिक अवस्थामा परिवर्तन देखिन थालेको छ । यही परिवर्तनले अशिक्षित प्रायः रहने जलारी जातिमा शिक्षाप्रतिको चासो पनि बढेको छ । दस वर्षअघिसम्म यो जातिमा विद्यालयस्तरभन्दा माथि पढ्ने कोही थिएन, तर अहिले ६ जनाले एस.एल.सी. पास गरेका छन् । छोरीलाई पढाउनुहुन्न भन्ने पुरानो मान्यता बिस्तारै तोड्दै उनीहरू पढाइमा भेदभाव अन्त्य गर्ने प्रयासमा समेत लागेका छन् ।*

**✍ निशा विश्वकर्मा**

**पोखरा ।** लेखनाथ नगरपालिकास्थित बेगनास ताल किनारामा टिनले छाएको एउटा सानो घर छ धनमाया जलारीको । घरमा टीभी पनि छ । संसारभरका कुरा उनी अहिले आफ्नै आँखाले देख्छिन् । भान्सामा खाना पकाउन आधुनिक ग्याँसचुल्हो बल्छ । बिहान नातिनातिनालाई स्कुल जान तयारी पार्छिन् । गह्रौं झोला बोकेर नातिनातिना स्कुल जाँदा ५६ वर्षीया धनमायाको मन धेरै खुसी हुन्छ । उसो त एकसरो लाउन र बिहान-बेलुकाको छाक टार्न अहिले उनलाई त्यति चिन्ता पनि छैन ।

पेसा उही माछा मार्ने हो । जग्गाजमिनको नाममा तीनआनामा बनेको एउटै घर छ । दुःख पनि पहिलाजस्तो छैन । तर, जीवनशैलीमा भने आजभन्दा भोलि परिवर्तन थपिँदो छ । यो सब कसरी सम्भव भयो त ? उनी भन्छिन्, 'आफ्नो पुर्ख्यौली व्यवसायमा नयाँ प्रविधि सुरु भएपछि यो सबै परिवर्तन भएको हो ।'

जीवन निर्वाह हुन छाडेपछि धेरै जातजाति आफ्नो पुर्ख्यौली व्यवसाय छाड्दै कामको खोजीमा अन्यन्त्र लागेका छन् । तर, जलारीको व्यवसाय गर्ने कास्कीवासीमा भने आफ्नो पुर्ख्यौली पेसाप्रति दिनप्रतिदिन आकर्षण थपिँदो छ ।

एक दसकअघिसम्म पुरुषले काँधमा एउटा सानो जाल बोक्थे । कम्मरमा खुर्लुङ बाँधेर खोला चहार्नुपर्दथ्यो । माछा पार्ने पुर्ख्यौली व्यवसाय नै भएकाले खोला र नदीका छेउछाउमा ओत लाग्ने स्याउलाले छाएका साना झुप्रा हुन्थे । महिला, केटाकेटी त्यही झुप्रोवरिपरि नै माछा मार्दथे भने पुरुष रातदिन नभनी टाढाटाढा पुग्थे । कति महिला पुरुषसँगै माछा मार्न नै जान्थे । दिनभरि चहारेर पनि बिहान-बेलुकाको छाक टार्न मुस्किल पर्दथ्यो उतिबेला । 'उस बेलाको त कुरै छाड्नुस् नानी, कति रात चिसो चौरमा सुतेरसमेत माछा मार्न बसियो, त्यति गर्दा पनि परिवार पाल्न मुस्किल थियो,' धनमाया भन्छिन्, 'त्यतिखेर त माछाको मूल्य पनि थिएन, एक किलो माछा एक पाथी धानमा बिक्री गर्नुपर्दथ्यो ।'

*प्रायः सबैको घरको धुरीमा टेलिभिजनको एन्टेना देखिन्छ । खान-लाउन उतिसारो चिन्ता छैन । अहिलेका केटाकेटीले पढ्न पाएका छन् । दस वर्षअघि पढ्ने जात होइन भन्ने मान्यता बोकेका तिनै जलारीका घरमा अहिले स्कुल नजाने केटाकेटी छैनन् । रीतिरिवाज र चाडपर्वमा आधुनिकताको छनक भित्रिएको छ ।*

धनमायाले यस्तो परिवर्तन सायदै कल्पना गरेकी थिइन् । आफ्नै पुस्तामा भोगेको अहिलेको जीवनशैली र पुरानो दुःख सम्झँदा उनलाई आफ्नै जीवन कथाजस्तो लागेर आउँछ । 'साँझ-बिहान हामी पुरुषसँगै माछा मार्न जान्थ्यौं, दिउँसो वनपात गर्नुपर्दथ्यो,' उनी भन्छिन्, 'माछाबाट आम्दानी भएको दिनमा मात्रै पेटभरि भात खान पाइन्थ्यो, नत्र आधा पेटमा नै चित्त बुझाउनुपर्दथ्यो ।'

अहिले त शान नै बेग्लै छ । रमणीय बेगनास तालको टाकुरामा सानै घर भए पनि व्यवस्थित छ । धनमायाजस्तै यहाँ बसोबास गर्ने तीन दर्जनबढी जलारीका घर टिनले छाइएका छन् । प्रायः सबैको घरको

धुरीमा टेलिभिजनको एन्टेना देखिन्छ। खान-लाउन उतिसारो चिन्ता छैन। अहिलेका केटाकेटीले पढ्न पाएका छन्। दस वर्षअघि पढ्ने जात होइन भन्ने मान्यता बोकेका तिनै जलारीका घरमा अहिले स्कुल नजाने केटाकेटी छैनन्। रीतिरिवाज र चाडपर्वमा आधुनिकताको छनक भित्रिएको छ। 'सबै कुरा पैसाले गर्दोरहेछ, अहिले आम्दानी पनि बढ्दै गयो, सुखसुविधा पनि थपिँदै गएको छ,' पुरानो दुःख बिर्सँदै धनमायाले भनिन्, 'मान्छेलाई पुग्दै गयो भने सबै कुरा जान्न पनि पाइँदोरहेछ ।'

टालेको मैलो कछाड र लँगौटी लाएर खोला किनारैकिनार रातदिन दुःख गर्ने यी जलारीको जीवनमा ०५२ सालदेखि उज्यालो सुरु भएको हो। लेखनाथमा मत्स्य अनुसन्धान केन्द्र खोलिएपछि त्यसैको सहयोगमा यहाँका जलारीलाई आधुनिक रूपमा माछापालन गर्न सिकाइयो। केज र इन्क्लुजरको प्रविधिबाट माछा मार्ने नयाँ प्रविधि केन्द्रले भित्र्याएको थियो। यो प्रविधि भनेको परम्परागत रूपमा माछापालनभन्दा धेरै फरक छ। ठूलो जाल तालभित्र पोखरीजस्तो बनाएर फिँजाइन्छ। त्यसैमा माछाका भूरा छाडिन्छ। पोखरीमा माछा पालेजस्तै तालभित्र जाल बिछ्याएर पालिने प्रविधि नै केज प्रविधि हो। र, त्यस्तै प्रकारबाट अलि ठूलो स्केलमा गरिने अर्को प्रविधिलाई इन्क्लुजर भनिन्छ। यो प्रविधि भित्रिएपछि जलारीको खोला चहार्दै हिँड्नुपर्ने कष्टकर अवस्था हट्यो। एकै ठाउँमा बसेरै आफ्नो व्यवसाय चलाउन पाए। त्यति मात्रै होइन, आम्दानी पनि धेरै बढी हुन थाल्यो।

यो नयाँ प्रविधिबाट माछा पाल्न सुरु गरेका काजीमान जलारी पहिलो व्यक्ति हुन्। अहिले उनका १८ वटा आधुनिक केज छन्। उनी ती केजमा विभिन्न जातका माछा पाल्छन्। त्यसका लागि उनले २ लाख रुपैयाँ लगानी पनि गरिसकेका छन्। झन्डै एउटा केजको १० हजार रुपैयाँ पर्दछ। ३५/०३६ सालमा उनले नयाँ प्रविधिबाट माछा पाल्न थालेका थिए। तर सबै जलारीले त्यसबारे बुझेका थिएनन्। मत्स्य अनुसन्धान केन्द्रले उनलाई नै माछा पाल्ने केज बनाउने, फ्रेम बनाउन सिकाएर ०५२ सालदेखि यो प्रविधिलाई व्यावसायिक रूपमा विस्तार गरियो। उनी त अहिले माछा व्यवसाय मात्रै गर्दैनन्, वेगनास किनारमा रेष्टुरेन्ट पनि सञ्चालन गरेका छन्। 'अहिले माछाबाट मात्रै सबै खर्च कटाएर वार्षिक १ लाख रुपैयाँ न्यूनतम आम्दानी हुन्छ, रेष्टुरेन्टको छुट्टै आम्दानी छ,' काजीमान भन्छन्।

सबै जलारीलाई समूहमा आबद्ध गराई नयाँ प्रविधिको माछापालन सुरु गरिएपछि उनीहरूको जीवन कायापलट भयो। अहिले वेगनास तालमा माछा पालेर

*सबै जलारीलाई समूहमा आबद्ध गराई नयाँ प्रविधिको माछापालन सुरु गरिएपछि उनीहरूको जीवन कायापलट भयो। अहिले वेगनास तालमा माछा पालेर जीविका चलाउने जलारी मात्रै ३८ घरपरिवार छन्। त्यस्तै फेवाताल किनारामा पनि झन्डै ५०/६० परिवार छ। समूहमा आबद्ध भएर तालमा व्यावसायिक माछापालन सुरु गरेपछि उनीहरूको आर्थिक परिवर्तनमा मात्रै सुधार आएन, बाहिरी जगत्का कुरा जान्न र बुझ्न पनि पाए।*

जीविका चलाउने जलारी मात्रै ३८ घरपरिवार छन्। त्यस्तै फेवाताल किनारामा पनि झन्डै ५०/६० परिवार छ। समूहमा आबद्ध भएर तालमा व्यावसायिक माछापालन सुरु गरेपछि उनीहरूको आर्थिक परिवर्तनमा मात्रै सुधार आएन, बाहिरी जगत्का कुरा जान्न र बुझ्न पनि पाए।

माछापालन व्यवसायलाई व्यवस्थित गर्न र तालको संरक्षण एवम् सरसफाइ गर्नसमेत अहिले यहाँको समूह सक्रिय छ। सबै जलारीलाई समेटी पिप्ले मत्स्य व्यवसायी समिति गठन गरिएको छ। समूहमा १२ महिला पनि छन्। सामूहिक रूपमा छुट्टै र व्यक्ति आफैंले पनि केजमा माछा पालेका छन्। अहिले तालमा जलारी मात्रै होइन, यो व्यवसाय फस्टाएपछि अन्य सङ्घसंस्था र समुदायका व्यक्तिले समेत माछापालन सुरु गरेका छन्। वेगनासमा नै रहेको पिप्ले मातृ-शिशु स्याहार केन्द्रले २२ वटा केज राखी माछापालन सुरु गरेको छ।

गोपाल जलारी यी सबै समुदायका अभिभावक हुन् । ५० वर्षिय गोपाल अझै पनि उनी वेगनास तालवरिपरि नै जालसँग खेलिरहेका भेटिन्छन्। उनले वेगनास तालमा व्यावसायिक माछापालन गरेको पनि अहिले एक दसक पुग्न लाग्यो। उनको ४ जनाको परिवार दुईवटा केजमा पालेको माछामा आश्रित छ।

*व्यवसाय फस्टाउँदा जलारी वर्गमा आर्थिकसँगै शिक्षामा पनि ठूलै परिवर्तन आउन थालेको छ । दस वर्षअघिसम्म यस जातिमा विद्यालयस्तरभन्दा माथि पढ्ने कोही थिएन तर अहिले ६ जनाले एस.एल.सी. पास गरेका छन् । छोरीलाई पढाउनुहुन्न भन्ने पुरानो मान्यता बिस्तारै तोड्दै पढाइमा भेदभाव अन्त्य गर्ने प्रयासमा समेत उनीहरू लागेका छन् । तर, उनीहरूको गुनासो छ- आफ्नै भाषामा पढाइ हुने विद्यालय नहुँदा छोराछोरीले राम्रो शिक्षा पाउन सकेनन् ।*

‘अहिले त धेरै आराम छ, घरमा बसेरै पेसा गर्न सकिन्छ,’ उनी भन्छन्, ‘माछा पालेर निकालिदिए हुन्छ, बिक्रीका लागि आफैं जानु पनि पर्दैन । यो देख्दा र पहिलाको दुःख सम्झँदा अहिले त स्वर्गजस्तो लाग्छ ।’ माछा बिक्रीका लागि समूहले वेगनासमै बिक्री केन्द्र खोलेको छ । खरिदकर्ता त्यही केन्द्रमा पुगेर माछा खरिद गरी लाने गर्छन् ।

ताल संरक्षणको काममा समेत जलारी लागेका छन् । ‘हाम्रो गैरीखेत भन्नु नै यही ताल हो, यसको संरक्षण नगरे के गर्ने ?’ गोपाल भन्छन्, ‘केही वर्षदेखि प्रदूषण हुँदै गएको ताललाई बचाउन अहिले गाह्रो भइसकेको छ ।’ तालको संरक्षणमा खर्च गर्न जलारीले प्रत्येक किलोबाट दुई रुपैयाँ समितिमा जम्मा गर्ने गर्छन् ।

वेगनास तालबाट मात्रै सिजनको समयमा दैनिक ५० देखि ६० किलो माछा बिक्रीका लागि तयार हुन्छन् । तर प्रत्येक हप्ताको शुक्रबार मात्रै माछा केजबाट निकालिन्छ । मङ्सिर, पुष, माघ र फागुनमा सबैभन्दा बढी माछा उत्पादन हुन्छ । दिनप्रतिदिन बढ्दो मागका कारण यो व्यवसाय दिनप्रतिदिन फस्टाउँदो छ । यहाँबाट विगहेडकार्प र सिल्भरकार्प जातका माछा सबैभन्दा राम्रो उत्पादन हुन्छन् । यसको साथै फेन्सीकार्प, कमनकार्प, ग्रासकार्प, रहु, नैनीलगायतका उन्नत जातका माछा पाल्न सुरु गरेका छन् । एक अध्ययनअनुसार पोखरामा माछाको खपत वार्षिक आठ सय मेट्रिक टन छ । मागको तुलनामा कास्की क्षेत्रबाट उत्पादन हुने माछाले आधा मात्रै पूर्ति गर्न सकेको छ । माग पूरा गर्न अझै तराईबाट यहाँ प्रशस्त माछा आउने गर्छन् ।

अझै ठूलो स्केलमा माछा मार्नका लागि लगानी गर्न पैसा नभएको जलारी गुनासो गर्छन् । आम्दानी घरपरिवार चलाउन र छोराछोरीको शिक्षामा ठिक्क हुने हुँदा थप लगानी गर्न रकम अभाव भएको उनीहरू बताउँछन् । स्थानीयस्तरमा सजिलै नपाइने कारणले अधिकांश केज क्यानाडा, सिङ्गापुर, चीनलगायतका देशबाट झिकाउनुपर्छ । ‘त्यसका लागि लगानी बढाउन सकेमा बजारको माग पूरा गर्न सकिन्छ, उत्पादन बढाउन सकिन्छ,’ गोपाल भन्छन्, ‘त्यसका लागि सरकारको कुनै निकायले सस्तो ब्याजमा ऋण दिएमा सजिलो पर्दथ्यो ।’

व्यवसाय फस्टाउँदा जलारी वर्गमा आर्थिकसँगै शिक्षामा पनि ठूलै परिवर्तन आउन थालेको छ । दस वर्षअघिसम्म यस जातिमा विद्यालयस्तरभन्दा माथि पढ्ने कोही थिएन तर अहिले ६ जनाले एस.एल.सी. पास गरेका छन् । छोरीलाई पढाउनुहुन्न भन्ने पुरानो मान्यता बिस्तारै तोड्दै पढाइमा भेदभाव अन्त्य गर्ने प्रयासमा समेत उनीहरू लागेका छन् । तर, उनीहरूको गुनासो छ- आफ्नै भाषामा पढाइ हुने विद्यालय नहुँदा छोराछोरीले राम्रो शिक्षा पाउन सकेनन् । ‘अझै पनि धेरै जलारी आफ्नो मातृभाषा बोल्छन्, नेपाली स्पष्ट बोल्न जान्दैनन्,’ ४५ वर्षीय काजीमान भन्छन्, ‘नेपाली भाषा बोल्न नसकेपछि विद्यालय पढ्न गाह्रो भएको छ ।’

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पोते उनेर घरखर्च

*सहरी क्षेत्रमा बसोबास गर्ने अधिकांश गृहिणी घरको सामान्य काम सकेपछि फुर्सदमा टेलिसिरियल हेरेर, गफ गर्दै तास खेलेर समय कटाउने गर्छन् । तर लाहुरेहरूको बाक्लो बस्ती भएको धरानका एकखाले गृहिणीहरू फुर्सदमा न सिरियल हेर्छन् न त तास खेल्दै समय खेर फाल्छन् । उनीहरू पोतेमाला उन्ने काम गर्दै समय कटाउँछन् । यो काम सामान्यजस्तो लागे पनि गृहिणीका लागि समय सदुपयोग गर्ने उपयुक्त माध्यम र आर्थिक उपार्जन गर्ने सजिलो उपाय भएको छ ।*

**✍ तारा चाम्लिङ**

**धरान**/ गृहिणी फूलमाया राई अवकाशप्राप्त भारतीय सैनिककी श्रीमती हुन् । श्रीमान्को पेन्सन र घरभाडाबापत उनको मासिक आय रु. १५ हजार हुन्छ । तर उनले घरखर्चका लागि त्यो रकम प्रयोग नगरेको एक दसक भयो । सुन्नेलाई खुल्दुली लाग्न सक्छ, त्यसो भए उनले कसरी घरायसी रूपमा हुने खर्च धान्छिन् त ? मानिसको जिज्ञासा मेट्न उनी डबकाभरि राखेको पोतेका मसिना दाना, केही सियो, धागो र त्यसबाट तयार भएका विभिन्न डिजाइनका पोतेमाला देखाउँछिन् ।

इच्छा र जाँगर हुनेलाई आय आर्जनका लागि जस्तोसुकै काम गर्नबाट रोक्न सकिन्न । धरान-१६ जनपथकी स्थायी बासिन्दा ४० वर्षीया राई बिहान पाँच बजे उठेपछि काम सुरु गर्छिन् । घरको काम सकेपछि उनी पोते उन्न बस्छिन् । राईले पोते उन्न थालेको २४ वर्ष भइसक्यो । यसैबाट उनले दैनिक ३५ देखि ६० रुपैयाँसम्म कमाउँछिन् । रेडियोमा गीत र समाचार सुन्दै, साथीहरूसँग गफ गर्दै उनी पोतेका थरीथरीका माला बुन्छिन् ।

पोते बुन्दा समयको सदुपयोग हुने, दुई-चार पैसाका लागि कसैसँग हात फिँजाउनु नपर्ने भएकोले यो पेसा अपनाएको राईले बताइन् । उनी भन्छिन्, 'मेरो श्रीमान् पल्टनमा छँदा पोते बुनेरै घरखर्च टार्ने गर्थे । यो काम गर्दा श्रीमान्को तलब बच्थ्यो, बचत भएको श्रीमान्को आयले छेउछाउका ब्रिटिस लाहुरेकै दाँजोमा घर ठड्याउन सकेको हो ।' गृहिणी राई थोरै भए पनि आर्थिक निर्भरताका लागि पोते बुन्दै आएको बताउँछिन् ।

धरानजस्तो महँगो सहरमा हरेक घरमा जोडिएका टीभी च्यानलका सिरियल हेर्दाहेर्दै गृहिणीहरूको दिन थाहै नपाई बित्ने गरेको छ । टेलिसिरियल उनीहरूको साथी भएको छ । सिरियल हेर्नका लागि धेरै गृहिणी

*इच्छा र जाँगर हुनेलाई आय आर्जनका लागि जस्तोसुकै काम गर्नबाट रोक्न सकिन्न । धरान-१६ जनपथकी स्थायी बासिन्दा ४० वर्षीया राई बिहान पाँच बजे उठेपछि काम सुरु गर्छिन् । घरको काम सकेपछि उनी पोते उन्न बस्छिन् । राईले पोते उन्न थालेको २४ वर्ष भइसक्यो । यसैबाट उनले दैनिक ३५ देखि ६० रुपैयाँसम्म कमाउँछिन् ।*

छिटो काम सक्छन् । सिरियल हेर्नका लागि नै काम थाती राख्नेहरू पनि छन् । तर धरान जनपथका धेरैजसो गृहिणीको दिनचर्या भने अलिक भिन्नै छ । सिरियल हेर्ने, तास खेल्नेभन्दा पनि पोते उन्ने गर्छन् । यसरी सीप, समय र क्षमताको सदुपयोग गरेर सामान्य घरखर्चसमेत निकाल्दै आएका छन् यी गृहिणीहरू ।

फूलमायाकी छिमेकी ४२ वर्षीया सुशीला पाण्डेले पोते उन्न थालेको २२ वर्ष भइसकेको छ । श्रीमान् खानेपानीमा जागिरे हुँदादेखि नै उनी पोते उन्दै आएकी छिन् । श्रीमान्को आयले नभ्याएपछि पोते बुन्न सुरु गरेकी थिइन् । त्यसबेला पोते उनेरै उनले घरखर्च टार्थिन् । आफूले तयार पारेको पोते देखाउँदै उनी भन्छिन्, 'खानेपानीमा जागिरे श्रीमान्को तलबले परिवारको खर्च चलाउन नसकेपछि मैले पोते उन्ने काम

सुरु गरेकी थिएँ । उनका श्रीमान् अहिले बेल्जियममा कार्यरत छन् ।

खेतीबाट आउने चामलले वर्ष दिन धान्ने गरेको छ । घरखर्चकै निम्ति काम गर्नुपर्ने आवश्यकता उनलाई छैन । श्रीमान्ले कमाएर पठाइदिएको पैसाले उनलाई पुगे पनि आफ्नो क्षमताअनुसारको कमाइ महिलाले पनि गर्नुपर्छ भन्ने उनको मान्यता छ । उनको दैनिक आय ३० देखि ४० रुपैयाँसम्म हुने गरेको छ । उनी भन्छिन्, 'श्रीमान्ले विदेशमा टन्न पैसा कमाउँदैछ भनेर घरमा ढुक्कले बस्न त भएन नि । मैले पोते उनेर कमाएको थोरै रकमले सामान्य दैनिक घरखर्च चलाउन सक्दा उहाँ (श्रीमान्) ले कमाएको पैसा चोखो बचत हुन्छ ।'

घरमा हुर्केकी छोरी र बुहारी भइदिए आरामसँग बस्न पाइने सोचाइ धेरै महिलाको हुन्छ । ५४ वर्षीया चन्द्रमाया मगर र ५२ वर्षीया नरमाया विक भने यो सोचाइबाट अलग छन् । नरमायाकी बुहारी र चन्द्रमायाकी छोरीले घरको सम्पूर्ण काम भ्याउने गरेका छन् । नरमाया र चन्द्रमाया भने पोते उन्न बस्छन् । नरमायाकी बुहारी फुर्सदमा सासूलाई पोते उन्न सघाउँछिन् । चन्द्रमायाकी छोरी भने घरको काम सकेर दिउँसो कलेज पढ्न जान्छिन् । नरमाया वि.क. भन्छिन्, 'सामान्य घरखर्चका लागि कसैको मुख ताक्नुपर्दैन, सकिन्जेल सबैले हातगोडा चलाएर खानुपर्छ ।'

सीप, जाँगर र बुद्धिले भ्याएसम्म गरेर खानुपर्छ भन्ने मानसिकता दुवैको छ । नरमायाका पति र छोराले ग्रिल उद्योग हेर्ने गरेका छन् भने चन्द्रमायाका पति खानेपानीमा कार्यरत छन् । डेरामा धेरै वर्ष बिताए पनि दुई-तीन वर्षयता दुवै आफ्नो घरजग्गामा व्यवस्थित तरिकाले बस्दै आएका छन् । नातिलाई बिस्कुट किनिदिने पैसा आफ्नै थैलीबाट निकाल्न पाउँदा नरमाया दङ्ग पर्छिन् ।

उता ३६ वर्षीया रिता भण्डारीको अवस्था भने अलि बेग्लै छ । मोटरचालक श्रीमान्ले पैसा नबचाउने हुनाले उनी आफैं निकै मेहनत गर्छिन् । आफ्नै घरमा पसल थापेकी हुनाले उनी घरको काम पनि भ्याउँछिन् । घरको काम सकिएपछि भने पसलमा बसेर पोते उन्ने गरेकी छिन् । रातमा भने कहिले ११ त कहिले १२ बजेसम्म पोते उन्ने गरेकी छिन् । सानी छोरीलाई नजिकैको बोर्डिङमा पढाउँछिन् भने छोरालाई खर्चकै धौंधौले सरकारी स्कुलमा सारेकी छिन् । खेतीबाट आएको चामलले भने जेनतेन वर्ष दिन धान्ने गरेको छ । दैनिक ३५ देखि ५० रुपैयाँ कमाउने रिताले पोते उनेर नै छोराछोरीको पढाइ खर्च टार्ने गरेकी छिन् ।

गृहिणीहरू मात्र होइन विद्यार्थीले पनि पोते उन्दै आएका छन् धरान, जनपथमा । यी किशोरीले रहरैरहरमा

*खेतीबाट आउने चामलले वर्ष दिन धान्ने गरेको छ । घरखर्चकै निम्ति काम गर्नुपर्ने आवश्यकता उनलाई छैन । श्रीमान्ले कमाएर पठाइदिएको पैसाले उनलाई पुगे पनि आफ्नो क्षमताअनुसारको कमाइ महिलाले पनि गर्नुपर्छ भन्ने उनको मान्यता छ । उनको दैनिक आय ३० देखि ४० रुपैयाँसम्म हुने गरेको छ । उनी भन्छिन्, 'श्रीमान्ले विदेशमा टन्न पैसा कमाउँदैछ भनेर घरमा ढुक्कले बस्न त भएन नि ।'*

पोते उन्न सिकेका हुन् । यसै वर्ष कलेज भर्ना भएकी मिना परियारले घरछिमेकबाट प्रभावित भएर पोते उन्न थालेकी हुन् । १९ वर्षीया उमा गेलालले पनि दिदीहरू र आमाबाट नै प्रभावित भएर पोते उन्न थालेकी हुन् । मिना परियार र उमा गेलाल दुवै कलेज जान्छन् । पढ्ने भएकोले समय निकालेर विशेष छुट्टीको दिन उनीहरू पोते उन्ने गर्छन् । २-३ वर्षयता उनीहरूले पोते उन्न सिकेका हुन् । यसबाट आएको पैसा आफ्नो कपि-कलमलगायत पकेट खर्चमा प्रयोग गर्छन् । दुवैको पारिवारिक स्थिति सामान्य भए पनि पकेट खर्चका लागि आमाबाबुलाई भिःभ्याउनु नपर्ने उनीहरू बताउँछन् ।

यसरी आफ्नो सीप, क्षमताअनुसारको आय आर्जन गर्दा आफ्नो आत्मविश्वास बढेको अनुभव गृहिणीहरूको मात्र नभई विद्यार्थीको छ । उनीहरू आफ्नो सामान्य खर्च पूरा गर्न कसैको मुख ताक्न चाहँदैनन् । घरखर्च चलाउन श्रीमान्को आयस्रोतले नपुगेर पोते उन्न थालेका धेरै महिलामा श्रीमान्को आयस्रोतले भ्याए पनि आत्मनिर्भर हुनुपर्छ भन्ने मानसिकताको विकास भएको छ ।

महिलाले स्थानीय व्यापारीबाट जोखेर पोतेदाना लिने गरेका छन् । जोखेर लिएको पोतेदानाबाट जति माला तयार हुन्छ त्यतिको ज्याला लिने गरेका छन् । एउटा पोतेमालाको सरदर रु. २ देखि रु. १० सम्म ज्याला लिने गरेका छन् । धरानमा लगभग दुई हजार पाँच सयजनाभन्दा बढी महिला पोतेको विभिन्न माला

बुन्ने घरेलु व्यवसायमा लागेका छन् । जब कि तीन दसक अगाडि यो व्यवसाय सुरु हुँदा पोतेमाला बुन्नेहरूको सङ्ख्या एक दर्जन जति मात्र थियो । जनसङ्ख्या वृद्धि, बढ्दो व्यापार र उपभोक्ताको मागअनुसार पोते बुन्नेहरूको सङ्ख्या पनि दिनदिनै बढेर गएको छ ।

पोतेमाला उन्ने काम सामान्यजस्तो लागे पनि धरानमा मात्र दुई हजार पाँच सयभन्दा बढी व्यक्तिले दैनिक रु. ८० हजारदेखि रु. एक लाखसम्मका पोतेमाला तयार गर्ने गरेका छन् । यो हिसाबले मासिक सरदर रु. ३० लाख रुपैयाँसम्मको तयारी पोते माला धरानमा उत्पादन हुने गरेको एक अनुमानित तथ्याङ्कले देखाएको छ । तयार भएका विभिन्न डिजाइनका ती पोतेमाला धरानकै स्थानीय व्यापारीहरूलाई दिने गरेका छन् । पोतेदाना नेपालका व्यापारीहरूले चीन, जापान र भारतबाट सबैभन्दा बढी ल्याउने गरेका छन्

धरान- १७ बस्ने सञ्जिता राई भन्छिन्, 'पोतेको महत्व आफ्नो ठाउँमा उत्कृष्ट छ, पहिले पोतेमाला विवाहित महिलाले मात्र लगाउँथे, अहिले फेसनको कारण सबै वर्ग र सबै जातिले खुब प्रयोग गर्न थालेका छन् । म आफैं पनि मैले लगाउने सारी-चोलो वा कुनै फेसनेबल परिधानको रङ्गसँग सुहाउँदो पोतेमाला लगाउने गर्छु ।'

नारीका लागि सदावहार सौन्दर्य सामग्री बनेको पोतेदानाबाट तयार कानमा लगाउने इयरिङ, औंलामा लगाउने औंठी, मनिब्याग, चुरा प्रयोग गर्ने युवतीको सङ्ख्या बढेकोले पोतेको उपभोक्ता बजार बढेको छ । पोतेमालाको प्रमुख बिक्रेता धरान-३ पुरानो बजारका चुन्नीलाल भन्छन्, 'धरानमा तयार पोतेका सामग्री विदेशमा सोझै नपठाए पनि विभिन्न माध्यमबाट भारत पुऱ्याइन्छ ।' उनका अनुसार फेसनको कारणले पोतेमालाको मागसँगै व्यवसाय पनि बढेको हो । विभिन्न डिजाइनमा बुनिएका ती पोतेमालाहरू नेपाली बजारमा सबैभन्दा बढी खपत हुने गरेका छन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कुष्टरोगीको विजोग

***सानो उमेरमै कुष्टरोगको सिकार बनेपछि घरपरिवार र समाजबाट खेदिइका वृद्धाहरू 'घरले जा-जा र वनले आइज-आइज' भन्ने उमेरमा पेटभरि खान नपाउने समस्याले पीडित छन् । समाजको अपमानसँगै उनीहरूलाई दुईछाक टार्ने चिन्ता प्रमुख समस्याको रुपमा तेर्सिएको छ । तर, उनीहरूको पीर-व्यथाप्रति सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।***

**✍ निर्मला रेग्मी**

**सुर्खेत** / 'उमेर थियो, हातखुट्टा चल्थे, जसोतसो गुजारा चलेको थियो । अब त बुढेसकाल लाग्यो, काम गर्न सक्ने अवस्था पनि छैन, कमाएर ख्वाउने छोराछोरी पनि छैनन् । बुढेसकालमा भोकभोकै मरिने भइयो' भन्दानभन्दै सुन्तली सुनारका आँखा रसाउन थाले । पाँच दसक काटिसकेकी कालिकोट रास्कोटकी सुन्तलीका लागि अब चुल्होमा आगो बाल्ने उपाय पनि छैन । भन्छिन्, 'एकछाक आगो बल्यो भने चारछाक बल्दैन ।' सुन्तली बैंसमै कुष्टरोगको सिकार बनेर थलिएकी थिइन् । घरबार राम्रैसँग चलेको थियो, तर उनलाई कुष्टरोग लागेको थाहा पाएर लोग्नेको व्यवहार बदलियो, एक दिन त घरबाटै निकालिदिए । त्यसपछि माइतीघर उनको सहारा बन्यो । तर, बिस्तारै उनलाई कुष्टरोग भएको थाहा पाएपछि गाउँलेले पनि दुर्व्यवहार गर्न थाले । सबैतिरबाट अपमानित भएपछि मर्न भनी कर्णालीमा हामफालेको दुःखेसो सुनाउँदै उनी भन्छिन्, 'अभागीलाई काल पनि नआउने रहेछ, कर्णालीले किनार लगाइदियो, गाउँलेले जोगाए ।' त्यो नियति अहिले उनी भोग्दैछिन् । 'काम गरी खान आफ्ना हातखुट्टा चल्दैनन् । अरूले दिँदैनन्,' उनी भन्छिन्, 'यस्तो विजोग सहनुभन्दा त बरु त्यतिखेरै मरेको भए राम्रो हुन्थ्यो ।'

कुष्टरोगी भएकै कारण परिवार र समाजबाट त अपहेलित छन् नै, उनीहरूलाई सबैभन्दा ठूलो समस्या गुजाराको छ । परिवारबाट लखेटिएका यी वृद्धवृद्धाका सहारा पनि कोही छैनन् । यो विजोग भोगिरहेकी सुन्तलीको जस्तै कथा छ जुम्ला सिंजाकी ४७ वर्षीया

> *सुन्तली बैंसमै कुष्टरोगको सिकार बनेर थलिएकी थिइन् । घरबार राम्रैसँग चलेको थियो, तर उनलाई कुष्टरोग लागेको थाहा पाएर लोग्नेको व्यवहार बदलियो, एक दिन त घरबाटै निकालिदिए । त्यसपछि माइतीघर उनको सहारा बन्यो । तर, बिस्तारै उनलाई कुष्टरोग भएको थाहा पाएपछि गाउँलेले पनि दुर्व्यवहार गर्न थाले । सबैतिरबाट अपमानित भएपछि मर्न भनी कर्णालीमा हामफालेको दुःखेसो सुनाउँदै उनी भन्छिन्, 'अभागीलाई काल पनि नआउने रहेछ, कर्णालीले किनार लगाइदियो, गाउँलेले जोगाए ।'*

किटकली शाहीको पनि । ११ वर्षकै उमेरमा कुष्टरोग लागेपछि उनले ३६ वर्षसम्म धेरै अपमान र दुःखमा बिताइन् । उनका हातखुट्टा लुला छन्, राम्रोसँग चल्दैनन् । औंला त छँदैछैनन् भन्दा पनि हुन्छ । तैपनि दुईछाक गुजाराका लागि मरिमेट्नुपर्छ । अहिले उनी सुर्खेतमा गिट्टी कुटेर गुजारा गर्ने प्रयास गर्दैछिन् । 'अहिलेसम्म त सकी-नसकी गिट्टी कुटेर भए पनि गुजारा चलेको छ,' उनी दुःखेसो सुनाउँछिन्, 'अब त हातखुट्टा पनि चल्लाजस्तो लाग्दैन ।'

किटकलीकी दिदी ५० वर्षीया सत्या शाहीको पनि त्यही हालत छ । उनी बहिनीसँगै बस्छिन्, तर उनी त काम पनि गर्न सक्दिनन् । उनका हातखुट्टाका सबै औंला खसिसकेका छन् । कामै गर्न नसक्ने भएकाले उनले समस्यासँगै अपमान पनि बढी खेप्नुपरेको छ । 'एउटा दाइ छन्, उनले पनि हेर्दैनन् । घर लैजान्छु भन्छन् तर कहिल्यै लिन आउँदैनन्,' उनी भन्छिन्, 'अरूले रोगी, कोरी भने पनि सहेकै थिएँ, अब त खानै नपाएर मर्ने दिन आएजस्तो छ ।'

जुम्ला सिंजाकै देउली सुनारलाई बिहे भएको चार वर्षपछि कुष्टरोग लागेको थियो । झारफुकले निको नभएपछि लोग्नेले कान्छी स्वास्नी ल्याएर उनलाई घरबाट निकाले । धेरै वर्ष कष्ट सहेपछि उनले आफूजस्तै कुष्टरोगी नरबहादुर रावतसँग बिहे त गरिन् तर समस्या ज्युँकात्युँ । साँझबिहानको छाक टार्ने उपाय छैन । कुष्टरोगी भनेर कसैले सहयोग गर्न पनि चाहँदैनन् ।

'खोलाका गिट्टी कुटेर, बालुवा छानेर छाक टार्नुपर्छ, त्यसमाथि कुष्टरोग लागेर हातखुट्टै नचल्ने अपाङ्ग बहिनी पनि पाल्नुपर्छ,' देउली दुःखेसो सुनाउँछिन्, 'जहिलेसम्म हातखुट्टा लाग्छन् काम गर्ने, त्यसपछि भोकभोकै मर्ने ।'

दैलेख छवालाकी ४७ वर्षीया छलुमाया ठकुरीको व्यथा पनि उस्तै हो । 'अब त उमेर पनि ढल्क्यो, हातखुट्टा लाग्नैछाडे, केही गर्ने मेसो आउँदैन,' अहिलेसम्म आफ्नै कमाइले धानिएकी छलुमाया भन्छिन्, 'सहारा दिने छोराछोरी पनि छैनन्, अब कसरी दिन चल्ला र ?'

कुष्टरोगी त्यसै पनि आफ्नै घरपरिवार र समाजको अपहेलना, दुर्व्यवहार खेप्दै बाँचेका छन् । कति त घरबाटै निकालिएका पनि छन् । काम गर्ने हातखुट्टा गलेका कुष्टरोगी कसरी बाँचेका छन्, सम्बन्धित निकायले खोजी गरेको भेटिँदैन । कुनै सीप सिकेर आफैं केही काम गर्न पनि सक्दैनन् । विशेषगरी वृद्ध महिलाहरू साँच्चैको दयनीय जीवन जिउँदैछन् । कालिकोट रास्कोटकी ६० वर्षीया असोजी सुनार दुःखेसो सुनाउँछिन्, 'पहिला त तान बुन्थें, जसोतसो छाक टर्थ्यो, अब त हातगोडा चल्न छाडे, आँखा पनि बसे, केही गर्न सक्दिनँ ।'

चार छोराछोरीकी आमा असोजीलाई कुष्टरोग लागेपछि लोग्नले छाडिदिएका थिए । 'छोराछोरी भोकभोकै भएपछि आफैं ज्याला-मजदुरी गरेर पालेकी थिएँ,' उनी थप्छिन्, 'अब त आफ्ना हातगोडा चल्दैनन्, कति दिन त भोकभोकै बिताउनुपर्छ ।'

गैरसरकारी संस्था आईएनएफ सुर्खेतका अनुसार यस्तो विजोग भोग्ने कुष्टरोगीको सङ्ख्या आर्थिक वर्ष ०६२/६३ मा मध्यपश्चिममा मात्र दुई सय ९२ मा सर्ने खालको कुष्टरोग देखिएको थियो र एक सय ४२ मा नसर्ने खालको कुष्टरोग फेला परेको थियो । तीमध्ये चार सय ६३ ले उपचारको सेवा लिँदै आएका थिए । कुष्टरोगीका लागि निःशुल्क उपचारको व्यवस्था भए पनि मध्य र सुदूरपश्चिमका कुष्टरोगीले राज्यबाट अन्य कुनै सुविधा पाएका छैनन् । गैरसरकारी संस्थाले पनि उनीहरूलाई हेरेका छैनन् । उपचारपछि फर्किएर घर जान नसक्नेहरूका लागि घरबासको व्यवस्था गरेको कुरा आईएनएफका सामुदायिक स्वास्थ्य तथा विकास प्रमुख कर्ण गुरुङ बताउँछन् । वीरेन्द्रनगर-८ स्थित इत्राम खोलाको छेउमा सात धुर जग्गा र दुईकोठे घर पाएका अङ्गभङ्ग कुष्टरोगी गुजाराका लागि गिट्टी कुटिरहेका भेटिन्छन् ।

*पछिल्ला दिनमा कुष्टरोगीलाई समाजले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको छ । टोलछिमेकमै कुष्टरोगी बस्नुहुन्छ, सतर्कता अपनाएमा अरूलाई सर्दैन  भन्ने धारण बिस्तारै बढ्न थालेको छ । कुष्टरोगीलाई माया गर्नुपर्छ भन्ने सोचाइ पनि समुदायमा आउन थालेको छ । तर, मान्छे बाँच्न सम्मान मात्र होइन, आधारभूत आवश्यकता पनि पूरा हुनुपर्छ भन्ने तथ्य घरसमाज मात्रै होइन, राज्यले पनि बुझ्नु जरुरी छ*

कुष्टरोगी पनि हाम्रै नागरिक हुन् भन्ने व्यवहार राज्यले अहिलेसम्म पनि गर्न सकेको छैन। आईएनएफका गुरुङ भन्छन्, 'राज्यले व्यवस्था गरेका सुविधा उनीहरूसम्म पुऱ्याउन स्थानीय निकायले त्यस्ता व्यक्तिको पहिचान गर्नुपर्छ।'

पछिल्ला दिनमा कुष्टरोगीलाई समाजले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको छ। टोलछिमेकमै कुष्टरोगी बस्नुहुन्छ, सतर्कता अपनाएमा अरूलाई सर्दैन  भन्ने धारण बिस्तारै बढ्न थालेको छ। कुष्टरोगीलाई माया गर्नुपर्छ भन्ने सोचाइ पनि समुदायमा आउन थालेको छ। तर, मान्छे बाँच्न सम्मान मात्र होइन, आधारभूत आवश्यकता पनि पूरा हुनुपर्छ भन्ने तथ्य घरसमाज मात्रै होइन, राज्यले पनि बुझ्नु जरुरी छ। वृद्ध कुष्टरोगी मात्र मृत्युलाई पर्खेर बसेको भान हुन्छ। बुढेसकालमा दुईछाक टार्न नै प्रमुख समस्या भएकाले त्यसको उपाय भइदेओस् भन्ने उनीहरूको चाहना हो।

यसका लागि सबैभन्दा पहिले ध्यान राज्यकै पुग्नुपर्छ। अशक्त नागरिकको भरणपोषणको व्यवस्था गर्ने जिम्मेवारी राज्यकै हो। साथै उत्पीडित, उपेक्षित र बिचल्लीमा परेकाहरूको सहयोगका लागि काम गर्ने गैरसरकारी संस्थाको ध्यान पनि कुष्टरोगीको पीडा-व्यथासम्म पुग्नुपर्छ। एक छाक पेटभरि खाएर चार छाक पटुकी बाँधेर बस्नुपर्ने कुष्टरोगीको बाध्यता सधैंभरि यस्तै रहिरहनु समुन्नत समाजका लागि राम्रो होला र ?

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# हटेको छैन कम्लहरी प्रथा

*आमाबाबुको काखमा लुटपुटिने बेला साहुको घरमा जुठा भाँडा माझ्न बाध्य कम्लहरी बालिकाहरू पढेर ठूलो मान्छे बन्ने सपना देख्छन् । तर, उनीहरूको सपना बुन्ने काममा न उनका अभिभावकले सहयोग गर्न सकेका छन् न कुनै संस्थाले ।*

✍ **रञ्जु रेग्मी**

**दाङ** / सरस्वती चौधरी भर्खर आठ वर्षकी थिइन् । आफ्नो जग्गा नभएकाले ७ दिदीभाइसहित नौजनाको परिवारलाई साँझबिहानको छाक टार्न धौ-धौ हुन्थ्यो । अर्काको अधियाँ बाली लगाएर गुजारा चलाउँदै आएका आमाबुबाले खर्च धान्न गाह्रो भएको भन्दै उनलाई साहुको घरमा काम गर्न पठाए । बाबुआमाको काखमै लुटपुटिने उमेरकी सरस्वती त्यसपछि साहुका घरमा जुठा भाँडासँग खेल्न बाध्य भइन् ।

वर्षौं भइसक्यो, उनी त्रिभुवननगर-३ स्थित साहुको घरमा जुठा भाँडा माझ्नु, लत्ताकपडा धुनु र घरमा आइपर्ने सबै काम गर्नुलाई आफ्नो जीवन ठान्छिन् । त्यसबापत पाइने केही रकमले घरखर्च चलाउन सहयोग पुग्छ । पढ्ने उमेरमा उनले विद्यालयको मुख देख्न पाइनन्, बरु 'नोकर' को अर्थ नबुझ्ने सरस्वती कलिलै उमेरमा साहुको घरमा नोकर बसिन् । स्थानीय भाषामा यसलाई 'कम्लहरी' भनिन्छ । अब त उनी घरको दुःख बुझ्ने भइसकेकी छिन् । भन्छिन्, 'अर्काको जग्गामा कमाइ नगरे र अर्काको घरमा काम नगरे खानै पुग्दैन, घरखर्च चलाउनलाई काम गर्नैपऱ्यो ।' यही सोचेर उनका दिदीहरू पनि कम्लहरी बसेका थिए । तर, वर्षभरिको दुःखको कमाइ दुई-चार पैसा घर भित्र्याउनेबाहेक उनीहरूले केही गर्न सकेनन् । सरस्वतीमा भने अब पढ्नुपर्छ भन्ने सोचाइ आएको छ र बिहानबेलुका साहुको घरमा काम गरे पनि दिउँसो समय निकालेर विद्यालय जान थालेकी छिन् ।

६ कक्षामा अध्ययनरत सरस्वती भन्छिन्, 'दिदीहरूले साहुका घरमा जुठा भाँडा माझ्ने, लुगा धुने, गाईभैंसीको गोबर सोहोर्ने काम गर्दागर्दै पढ्ने उमेर सिध्याए, म पढेर ठूलो मान्छे बन्न चाहन्छु ।' स्थानीय एउटा गैरसरकारी संस्थाले त्यो सहयोग जुटाइदिएको छ । 'पूरै समय पढ्न पाउने भए कति राम्रो हुन्थ्यो, हामी गरिबका छोराछोरीले भनेअनुसार कहाँ पढ्न पाइन्छ र ?' बाध्यता सुनाउँदै उनी भन्छिन् । तर, पढाइ अघि बढ्ने-नबढ्ने केही टुङ्गो छैन । साहुले 'तैंले पढे काम कसले गर्छ' भन्दै गाली गऱ्यो भने उनीसँग कुनै उपाय छैन ।

*अब त उनी घरको दुःख बुझ्ने भइसकेकी छिन् । भन्छिन्, 'अर्काको जग्गामा कमाइ नगरे र अर्काको घरमा काम नगरे खानै पुग्दैन, घरखर्च चलाउनलाई काम गर्नैपऱ्यो ।' यही सोचेर उनका दिदीहरू पनि कम्लहरी बसेका थिए । तर, वर्षभरिको दुःखको कमाइ दुई-चार पैसा घर भित्र्याउनेबाहेक उनीहरूले केही गर्न सकेनन् । सरस्वतीमा भने अब पढ्नुपर्छ भन्ने सोचाइ आएको छ र बिहानबेलुका साहुको घरमा काम गरे पनि दिउँसो समय निकालेर विद्यालय जान थालेकी छिन् ।*

सरिता चौधरीको पनि पढेर ठूलो मान्छे बन्ने इच्छा थियो । तर, बाध्यताले उनलाई सानैमा साहुको घरमा कम्लहरी बस्नुपऱ्यो । मजदुरी गर्ने बाबुको कमाइले मात्र घरखर्च थेग्न गाह्रो भएपछि वार्षिक नौ हजार ज्याला पाउने गरी उनलाई आठ वर्षकै उमेरमा त्रिभुवननगर-११ मिलनचोकस्थित साहुको घरमा काममा लगाइयो । सरिता भन्छिन्, 'बाबाको कमाइले मात्र घरखर्च चलेन, घरखर्च चलाउन सहयोग पुग्छ भन्दै काममा लगाइदिनुभो ।' जति नै पढ्ने इच्छा भए पनि उनी विद्यालय जान पाइनन् । पढ्ने इच्छा मनभित्रै दबाएर बसेकी दाङ बाघरकी सरिता अहिले नगरपालिकाद्वारा

*दाङका यी कम्लहरी बालिकाको सरकारी विद्यालयमा पनि पहुँच पुगेको छैन । १६ वर्षमुनिका बालबालिकालाई काममा लगाउन नपाइने कानुनी व्यवस्थाको छनक पनि यो ठाउँमा भेटिँदैन । दासप्रथाको रूपमा कमाराकमारी राख्न नपाइने भए पनि कम्लहरी 'दासप्रथा'कै अर्को अवशेषको रूपमा देखिन्छ । सरकारले २ साउन २०५७ मा कमैया मुक्तिको घोषणा गरेको थियो । तर, दाङलगायतका जिल्लामा देखिने कम्लहरीको भीडले यस घोषणाको खिल्ली उडाएको छ ।*

सञ्चालित सहरी बाल शिक्षा पढ्न जान्छिन् । पढ्नै नपाए पनि सामान्य अक्षर चिन्ने मौका पाएकोमा खुसी देखिन्छिन् उनी । भन्छिन्, 'साहुको घरमा बसेको पाँच वर्ष भयो, यो कक्षा सकिएपछि स्कुल जान पाइन्छ भन्छन्, साहुले जान दिए भने स्कुल जान्छु ।'

सरकारले शिक्षामा ठूलो धनराशि खर्च गर्दै आएको छ । अहिले त धेरैजसो गैरसरकारी संस्थाको ध्यान पनि शिक्षामै केन्द्रित भएको छ । अझ छोरीलाई शिक्षित बनाउने अभियानै थालिएको छ । तर दाङका यी कम्लहरी बालिका शिक्षाको उज्यालोबाट टाढै छन् । मुक्त कमैया र विशेषगरी आर्थिक अवस्था कमजोर भएका आदिवासी थारू समुदायका बालिका र किशोरी अहिले पनि अर्काको घरमा जुठा भाँडा माझ्न सस्तो ज्यालामा कम्लहरी बस्न बाध्य छन् । आफ्नै जग्गा नभएकाले अर्काको अधियाँ बाली लगाएर पालिएका अभिभावक पनि छोरीलाई साहुको घरमा काम गर्न पठाउँदा सजिलो हुने ठान्छन् । हरेक वर्ष माघ महिना सुरु भएपछि कम्लहरी बस्नलाई साहु र अभिभावकबीच बालिकाको मोलमोलाइ नै हुन्छ ।

अर्काको घरमा कम्लहरी बसे पनि एक-दुई घन्टा समय निकालेर उनीहरू अनौपचारिक शिक्षाका कक्षामा आइपुग्छन्, पढेर केही गर्ने लालसाले । दाङ हापुरकी सीता चौधरी १० वर्षमै कम्लहरी बसेकी थिइन्, अहिले १४ वर्षकी भइन् । बाबुआमासमेत नभएकी सीताका ६ जना दाजुबहिनी छन् तर कसैले पढेका छैनन् । उनीहरू सबै सीताजस्तै घरेलु मजदुर छन् । काम गर्दागर्दै पनि सीता सहरी बालशिक्षाको कक्षामा भर्ना भएकी छिन् । भन्छिन्, 'पढेर ठूलो मान्छे बन्न मन थियो तर, बाबुआमा छैनन्, सम्पत्ति छैन, केले पढ्नु । अक्षर भए पनि चिन्न पाए हुन्थ्यो भनेर साहुको गाली सहेरै बालशिक्षा पढ्न थालें ।'

सरकारले माध्यमिक तहसम्म निःशुल्क पठनपाठनको व्यवस्था गरेको छ । तर, दाङका यी कम्लहरी बालिकाको सरकारी विद्यालयमा पनि पहुँच पुगेको छैन । १६ वर्षमुनिका बालबालिकालाई काममा लगाउन नपाइने कानुनी व्यवस्थाको छनक पनि यो ठाउँमा भेटिँदैन । दासप्रथाको रूपमा कमाराकमारी राख्न नपाइने भए पनि कम्लहरी 'दासप्रथा'कै अर्को अवशेषको रूपमा देखिन्छ । सरकारले २ साउन २०५७ मा कमैया मुक्तिको घोषणा गरेको थियो । तर, दाङलगायतका जिल्लामा देखिने कम्लहरीको भीडले यस घोषणाको खिल्ली उडाएको छ ।

दाङकै देउखुरीकी गोमा चौधरी पनि आफ्नै दिदीहरूको सिको गर्दै र बिँडो थाम्दै कम्लहरी बसिन् । घरखर्च चलाउन दिदीहरू कम्लहरी बसेका थिए । साहुको घरमा दिनरात नभनी काम गर्दागर्दै पनि उनमा पढ्नुपर्छ भन्ने तीव्र इच्छा छ । त्यही इच्छाले उनलाई सहरी बालकक्षासम्म डोऱ्याएको छ । साहुको घरबाट एक-दुई घन्टा समय निकालेर उनी बालशिक्षा पढ्न जान्छिन् । भन्छिन्, 'पढेर डाक्टर बन्ने मन छ ।' उनलाई डाक्टर बनाउन कसले पढाइदिने हो, त्यो त थाहा छैन । तर, उनमा कम्लहरी बस्नुहुन्न, बसे पनि पढ्नुपर्छ भन्ने चेतनाचाहिँ आएको छ । भन्छिन्, 'बहिनीहरूलाई कम्लहरी बस्न दिन्न ।' तर, उनले भन्दैमा मात्र के हुन्छ र, खानै नपुग्ने आमाबाबुले कम्लहरी बस्न पठाए छोरीहरूले नाइँनास्ती गर्ने अवस्थै छैन ।

आफ्नो भविष्य जुठा भाँडासँग साटिरहेका कम्लहरीको सङ्ख्या कति छ भन्ने यकिन तथ्याङ्क पनि कसैसँग छैन । गैरसरकारी संस्था स्वानका अनुसार दाङका मात्र पाँच हजारभन्दा बढी बालिका कम्लहरी छन्, तीमध्ये १ हजार ६ सयजति दाङमै र अन्य काठमाडौं, बुटवलसम्म गएर साहुका घरमा बसेका छन् । कमैयाहरूलाई आफ्नो कार्यक्षेत्र बनाएर काम गर्दै आएको अर्को गैरसरकारी संस्था बेसका अनुसार, दाङमा ६ हजार ४ सय ६६ बालश्रमिक छन् र तिनमा कम्लहरी तथा कमैया बालबालिका बढी छन् । थोरै सङ्ख्यामा कम्लहरी बालिकालाई नगरपालिका र केही गैरसरकारी

संस्थाले अनौपचारिक शिक्षा दिए पनि उनीहरूको दुःखदायी जीवनप्रति कसैको ध्यान पुगेको छैन ।

त्रिभुवननगर नगरपालिकामा ३ सय ६७ कम्लहरी बालिकाले सहरी बालशिक्षा पढ्दैछन् । बालशिक्षाकी सहयोगी कार्यकर्ता कल्पना घिमिरे कम्लहरी बालिकालाई पढाउनका लागि मालिकले नै समय दिए धेरै राहत मिल्ने ठान्छिन् । नगरपालिकाका अधिकृत सुबोध रेग्मी कम्लहरी बालिका बेचबिखनको जोखिममा समेत रहेकाले उनीहरूलाई शिक्षाको मूलप्रवाहमा ल्याउनैपर्ने र त्यसैका लागि २० महिने शिक्षा सुरु गरिएको बताउँछन् ।

तर, प्राथमिक तहको शिक्षासरह मानिने यो २० महिने कक्षा पूरा भएपछि कहाँ पढ्ने, कसरी पढ्ने, उनीहरूलाई थाहा नै छैन । उनीहरू पढेर केही गर्न चाहन्छन् तर उपाय छैन । उनीहरूको भविष्यका लागि सरकार मात्रै होइन, गैरसरकारी संस्थाको पनि ध्यान पुगेको देखिँदैन ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# फुटपाथका हजामको पीडा

*तराईबाट राजधानीसम्म आइपुगेर फुटपाथमा व्यवसाय चलाएका हजामको आफ्नै पीरव्यथा छ । दिनरात नभनी गरेको दुःखले परिवारको दुईछाक टार्ने समस्या त छँदैछ, बस्ने ठाउँको ठेगान नभएकाले पेसाको पनि टुङ्गो छैन । उनीहरूकै हकहितका लागि गठित नाई सङ्घ र महानगरपालिका उनीहरूले वातावरणलगायतका क्षेत्रमा अव्यवस्था फैलाएको त बताउँछन् तर व्यवस्थित गर्नेबारे सोच्दैनन् ।*

**✍ ममता शर्मा नेपाल**

**काठमाडौं** / पुसमाघको कठ्याङ्ग्रिने जाडो होस् या जेठको छालै सेक्ने चर्को गर्मी, कालीमाटीको सार्वजनिक शौचालयअगाडि ५० वर्षीय वैद्यनाथ ठाकुर फलामको सानो बाकस र मुढा बोकेर बसेका हुन्छन् । शौचालय र फोहोरको दुर्गन्धछेउमै उनी ग्राहकको कपाल र दाह्री काट्न व्यस्त हुन्छन् । जहानबच्चा पाल्ने अरू उपाय केही नभएकाले उनले दुःखसुख केही सोच्न भ्याउँदैनन् । उनको जिन्दगी भनेकी बिहान हुनासाथ कालिमाटीको सडकछेउमा 'पसल' खोल्ने र साँझ नपरेसम्म मान्छेका कपाल र दाह्रीसँग खेल्ने हो । समयले दुई दसक काटिसकेछ तर, उनको जीवनमा कुनै परिवर्तन आएको छैन, जीवन उस्ताको उस्तै छ, बाध्यता र नियति पनि उही नै ।

बाराको कलैया–४ का ठाकुरको सम्पत्ति भनेकै १० कट्ठा जग्गा मात्र थियो, त्यसले खान पनि पुग्दैन्थ्यो । अनपढ हुनाले सातजनाको परिवार पाल्ने अरू उपाय पनि थिएन । त्यसैले गाउँमा बसेर परिवार पनि पाल्न नसक्ने भएपछि उनी पुर्ख्यौली पेसाको बिँडो थाम्दै दुई दसक पहिले राजधानी छिरेका हुन् । एकजनाको कपाल काटेको रु. १५ र दाह्री बनाएको ७ रुपैयाँ उनको शुल्क हो, त्यसैबाट उनले दिनको एक सयदेखि डेढ सयसम्म कमाउँछन् । कहिले केही बढी कमाइ हुन्छ, कहिले त खालीहात पनि फर्कनुपर्छ । जाडोमा मान्छे नआउँदा उनीजस्ता फुटपाथे हेयर सैलुन चलाउनेहरूको पेटमा चारो पनि पर्दैन । कतिपयले यही पैसा नदिएर जाने

*कपाललाई जथाभावी मिल्काउँदा हावा र पानीमै नराम्रो असर पर्छ । त्यसले मान्छेमात्रै होइन, पशुपक्षीको स्वास्थ्यमा पनि नराम्रो असर पुऱ्याउँछ ।*

*पचास वर्षको उमेरमै कपाल सेताम्मे फुलेका वैद्यनाथ ठाकुरको आधाभन्दा बढी उमेर अरूको कपाल र दाह्री मुसार्दैमा बितेको छ । तर, उनले आफ्नै दाह्री र कपाल भने काट्न भ्याएका छैनन् । उनको असरल्ल कपाल र दाह्रीले उनको वास्तविक जीवन झल्काएझैं लाग्छ । उनी बाध्यता सुनाउँछन्, 'आफ्नो कपाल आफैं काट्न सकिँदैन, ग्राहक कुर्दाकुर्दा आफ्नो कपाल-दाह्रीबारे सोच्नै भ्याइँदैन ।'*

गुनासो सुनाउँछन् उनी । भन्छन्, 'टोलका दादा केटाहरू कपाल काटेको पैसा नतिरी धम्क्याउँदै जान्छन् ।'

पचास वर्षको उमेरमै कपाल सेताम्मे फुलेका वैद्यनाथ ठाकुरको आधाभन्दा बढी उमेर अरूको कपाल र दाह्री मुसार्दैमा बितेको छ । तर, उनले आफ्नै दाह्री र कपाल भने काट्न पाएका छैनन् । उनको असरल्ल कपाल र दाह्रीले उनको वास्तविक जीवन झल्काएझैं लाग्छ । उनी बाध्यता सुनाउँछन्, 'आफ्नो कपाल आफैं काट्न सकिँदैन, ग्राहक कुर्दाकुर्दा आफ्नो कपाल-दाह्रीबारे सोच्नै भ्याइँदैन ।'

टेकुको कालिमाटी पुलछेउमै ग्राहकको कपाल काटिरहेका भेटिन्छन् रौतहटका मदन ठाकुर । उनले यहाँ भाग्य खोज्न थालेको एकदसक नाघिसक्यो । गाउँमै कपाल काट्ने तालिम लिएपछि काठमाडौं छिरेका थिए, ३८ वर्षीय मदन । दुई छोरा, दुई छोरी र पत्नी गाउँमै छन् । यहाँ हाडछाला घोटेको कमाइले गाउँमा परिवारको दुईछाक जेनतेन टरेको छ, त्यसैबाट बचेको केही पैसाले छोराछोरी पढाएका छन् । जसोतसो गुजारा चले पनि फुटपाथछेउ समस्या पनि थुप्रै छन् । भन्छन्, 'बसेको ठाउँमा भाडा तिर्नुपर्दैन तर हरदम डराइरहनुपर्छ ।' बाटो हिँड्ने भरिया, सानोतिनो पसलमा काम गर्ने मानिस नै उनका नियमित ग्राहक हुने गर्छन् ।

समयले काँचुली फेरिसक्यो । देशमा पनि अनेक उथलपुथल आइसक्यो तर, वर्षौंदेखि सडकलाई आफ्नो जीवन ठान्दै आएका वैद्यनाथ र मदनजस्ता फुटपाथे व्यवसायीको जीवन जहाँको तहीँ छ । उनीहरू १० वर्ष पहिले जुन हालतमा थिए, अहिले पनि त्यही हालतमा छन् । जति दुःखकष्ट गर्नुपरे पनि दुईछाक कसरी जुटाउने भन्ने समस्याले उनीहरूलाई पछ्याउन छाडेको छैन । लोकतन्त्र आएपछि धेरैले अधिकारको आवाज उठाए, मजदुरदेखि कर्मचारीका माग आन्दोलन भएर निस्के तर यी निरीह मानिसको आवाज कसैले सुन्दैन । बरु उनीहरूको यो बाध्यतालाई धेरैले भजाएर खाने उपाय बनाएका छन् । कतिले त उनीहरूलाई लोकतन्त्रको नाममा ठगे पनि । ठगिएको दुःखेसो सुनाउँदै वैद्यनाथ भन्छन्, 'लोकतन्त्र आउनुअघि टहरा बनाइदिन्छौं भन्दै वडा कार्यालयले मासिक तीन सय रुपैयाँ उठायो । पाँच वर्षसम्म खाइनखाई तिरेँ तर, टहरो पनि बनेन, पैसा पनि फिर्ता पाइएन ।' त्यति मात्रै होइन, कहिलेकाहीँ त टोलका बद्मासहरूले पनि जबर्जस्ती धम्क्याएर पैसा माग्छन् । 'नदिए मार्छु भन्दै धम्क्याउँछन्, चुपचाप दिनुपर्छ,' उनी सुनाउँछन् ।

कपाल काट्ने काम गर्ने व्यवसायीहरूको संस्था नेपाल नाई सङ्घका अनुसार काठमाडौंका फुटपाथमा कपाल काट्ने व्यवसायीहरूको सङ्ख्या सयौं छ । उपत्यकाभर उनीहरू छरिएर रहेका छन् । उपत्यकाका गौशाला, कोटेश्वर, बालकुमारी, बालाजु, कालिमाटी पुल, थापाथलीको बागमती पुल, भीमसेनस्थानको पुलमा फुटपाथे नाईहरू भेटिन्छन् ।

सडकमा सैलुनको व्यवसाय गर्नेहरूको आफ्नै बाध्यता छ, उनीहरू सबै आर्थिक अवस्था दयनीय भएकाहरू हुने गर्छन् । पसल खोल्ने सामर्थ्य नभएर सडक छेउको फोहोरसँग खेल्नुपरेको बाध्यता उनीहरू सुनाउँछन् । मदन भन्छन्, 'पसल खोल्ने हैसियत हुन्थ्यो भने किन यसरी फुटपाथमा दुःख पाउँथ्यौं र ?' तर कपाल काट्नेहरूको हकहित संरक्षण गर्न गठित नेपाल नाई सङ्घचाहिँ उनीहरूको भनाइसँग सहमत देखिँदैन । सङ्घका अध्यक्ष राजाराम ठाकुर भन्छन्, 'हामीले दुई-तीनपटक बैठकमा बोलाएर सार्वजनिक ठाउँमा छाप्रो हाल भन्यौं तर उनीहरू मान्दैनन् । चार-पाँचजनाको समूह मिलेर आए पसल खोल्न हामी आर्थिक रूपमै सहयोग गर्न तयार छौं ।' सङ्घले नगर क्षेत्रका मासु, तरकारी पसलजस्तै छुट्टै ठाउँमा टहरा बनाइदिने योजना बनाएको राजाराम बताउँछन् । तर, फुटपाथे व्यापारीहरू सङ्घले त्यस्तो आश्वासन नदिएको र आफूहरूमाथि भेदभाव मात्र गरेको बताउँछन् । उनीहरू भन्छन्, 'खोई, त्यस्तो कुरा हामीलाई थाहा छैन, घुम्ती पसलजस्तो बनाइदिने हो भने हामी पनि धूलो, धूवाँ र दुर्गन्ध खाएर किन यस्तोमा बस्थ्यौं ?'

सडकछेउको यो व्यवसायले जनस्वास्थ्य र वातावरणीय समस्यासमेत थपेको छ । कपाल काट्दा निस्कने फोहर सितिमिती नष्ट हुँदैन भने फोहोर तह लगाउनेमा व्यवसायीले नै ध्यान दिएको पाइँदैन । अध्यक्ष ठाकुर भन्छन्, 'उनीहरूले जथाभावी कपाल फालेर बाटोघाटोमा फोहर गर्छन् ।' व्यवस्थित सैलुन खोल्नेहरू महानगरपालिकाको कन्टेनरमा फोहोर फाल्ने गर्छन् तर, लुकी-लुकी काम गर्नुपर्ने फुटपाथे व्यवसायी महानगरको कन्टेनरसम्म पनि पुग्दैनन् ।

काठमाडौं महानगरपालिका, वातावरण विभाग कार्यान्वयन महाशाखाका प्रमुख धनपति सापकोटा हेयर सैलुनका कारण उत्पन्न वातावरणीय समस्याप्रति चिन्ता व्यक्त गर्दै भन्छन्, 'महानगरका सैलुन व्यवसायीले स्तरीय सैलुन खोलून् भन्ने हाम्रो पनि इच्छा हो, तर फुटपाथे व्यवसायीका लागि स्थान, टहराको व्यवस्था नाई सङ्घले गर्ने काम हो ।' तर फुटपाथमा कपाल काट्नेहरूले सैलुनमा बसेर कपाल काट्नेहरूलाई नै असर पुऱ्याएको दाबी सङ्घका अध्यक्ष ठाकुरको छ । उनका अनुसार सैलुन खोलेर बसेका व्यवसायीहरूको सङ्ख्या १ हजार ३ सय छ, यसमा ८ सय सङ्घमा आबद्ध छन् । उनी भन्छन्, 'घरभाडा छिटो-छिटो बढ्छ, फुटपाथमा बस्नेले सस्तोमा काम गरिदिनाले सैलुन खोल्नेलाई असर पर्छ ।'

वातावरण तथा जनस्वास्थ्य संस्थाका वातावरणविद् भूषण तुलाधर कपाल र दाह्री काटेर निस्केको फोहोरको उचित व्यवस्थापन नहुँदा त्यसले वातावरणमा ठूलो समस्या थपिएको ठान्छन् । 'कपाल काटेर निस्कने फोहोरले वातावरणमा नराम्रो असर पारेको छ, यसलाई बुझेर हरेक व्यवसायीले फोहोर तह लगाउनु पनि आफ्नो जिम्मेवारी हो भन्ने ठान्नुपर्छ,' उनी भन्छन्, 'त्यो फोहोर जम्मा गरेर सम्बन्धित ठाउँ, नगरपालिकाको कन्टेनरमा पुऱ्याउनुपर्छ, नगरपालिकाले पनि चासो दिनुपर्‍यो ।'

कपालजन्य फोहोरले जनस्वास्थ्यमा पार्ने असरका बारेमा शंखरापुर पोलिक्लिनिक, जोरपाटीका प्रबन्ध-निर्देशक डा. रमेश ढकाल भन्छन्, 'कपाललाई जथाभावी मिल्काउँदा हावा र पानीमै नराम्रो असर पर्छ । त्यसले मान्छेमात्रै होइन, पशुपक्षीको स्वास्थ्यमा पनि नराम्रो असर पुऱ्याउँछ ।'

*'लोकतन्त्र आउनुअघि टहरा बनाइदिन्छौं भन्दै वडा कार्यालयले मासिक तीन सय रुपैयाँ उठायो । पाँच वर्षसम्म खाइनखाई तिरेँ तर, टहरो पनि बनेन, पैसा पनि फिर्ता पाइएन ।' त्यति मात्रै होइन, कहिलेकाहीँ त टोलका बद्मासहरूले पनि जबर्जस्ती धम्क्याएर पैसा माग्छन् । 'नदिए मार्छु भन्दै धम्क्याउँछन्, चुपचाप दिनुपर्छ,' उनी सुनाउँछन् ।*

काठमाडौंको फुटपाथमा कपाल काट्नेहरूमा ७५ प्रतिशत तराईबासी र बाँकी भारतीय छन् । फुटपाथमा कपाल काट्ने व्यवसाय गर्नेको बाध्यता नै गरिबी हो । कपालको फोहोरले पार्ने प्रतिकूल असर उनीहरूलाई पनि थाहा छ तर, उनीहरू केही गर्न सक्दैनन् । वैद्यनाथ भन्छन्, 'पैसा भए त हामी पनि सफा कोठामा बसेर काम गर्थ्यौं ।' रोजीरोटीका लागि फुटपाथलाई जिन्दगी ठान्ने यस्ता व्यवसायीलाई पेशाबाटै विस्थापित गर्ने सोचाइ उचित हुन सक्दैन । बरु नाई सङ्घ र नगरपालिकाले उनीहरूलाई कसरी व्यवस्थित गर्ने भन्ने चासो दिनु आवश्यक छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह